# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ९८ | काठमाडौं | बिहीबार, १४ साउन २०८३ | Prabhab National Daily | Thursday, 30 July 2026 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ |-


# प्रमुख निर्वाचन आयुक्त र दुई आयुक्तको सिफारिस अनुमोदन



■ प्रभाव संवाददाता

⏭ संसदीय सुनुवाइ समितिले मानबहादुर कार्कीलाई प्रमुख निर्वाचन आयुक्त तथा राजिव सुब्बा र गुरुप्रसाद वाग्लेलाई आयुक्त नियुक्त गर्न सिफारिस

⏭ कार्कीद्वारा विदेशमा रहेका नेपालीले नेपाली दूतावास वा तोकिएको स्थानमा मतपेटिका राखेर गरिने मतदान, हुलाकमार्फत मतपत्र पठाउने, ब्लकचेन प्रविधिमा आधारित सुरक्षित इन्टरनेट मतदान र प्रतिनिधिमूलक मतदानका विकल्प प्रस्तुत

⏭ आफ्नो कार्यकालमा बदर मत घटाउने र मतदान प्रतिशत बढाउने प्रतिबद्धता

**काठमाडौं–** निर्वाचन आयोगका प्रमुख आयुक्त र दुई आयुक्त नियुक्त गर्न संवैधानिक परिषद्ले गरेको सिफारिस संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको छ। बुधबार बसेको समितिको बैठकले परिषद्को सिफारिस सर्वसम्मतरूपमा अनुमोदन गरेको हो।

संवैधानिक परिषद्को असार १९ गते बसेको बैठकले मानबहादुर कार्कीलाई प्रमुख निर्वाचन आयुक्त तथा राजिव सुब्बा र गुरूप्रसाद वाग्लेलाई आयुक्त नियुक्त गर्न सिफारिस गरेको थियो। समितिले सिफारिस अनुमोदन गरेसँगै कार्की, सुब्बा र वाग्लेलाई नियुक्ति गर्ने बाटोसमेत खुलेको छ। संवैधानिक परिषद्को सिफारिस संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रमुख निर्वाचन आयुक्त र आयुक्त नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

संसदीय सुनुवाइ समितिबाट निर्वाचन आयोगका प्रमुख आयुक्तसहित अन्य दुई जना आयुक्तको नाम अनुमोदन गरेसँगै निर्वाचन आयोगले पूर्णता पाउने भएको छ। संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएसँगै उनीहरूको नियुक्तिको बाटो खुला भएको छ। पाँच सदस्यीय आयोगमा हाल डा. जानकीकुमारी तुलाधर र सगुन शमशेरण जबरामात्र छन्।

### विदेशमा रहेका नेपालीलाई मताधिकारमा प्राथमिकता

सुनुवाइ समितिका सदस्यहरूले प्रस्तावित प्रमुख निर्वाचन आयुक्त कार्कीसामु दलहरूको विवाद निरूपणदेखि मतदानका विषयमा प्रश्न गरेका थिए। सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद पुनम अग्रवालले पनि विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्थाबारे प्रश्न गरेकी थिइन्। 'मतदानस्थलमै मतगणना गर्दा कसरी सुरक्षा दिनुहुन्छ ? अन्तरजिल्लाका मतदातालाई समावेश गर्नुहुन्छ ? नोट चल्ने भोट नचल्ने भन्ने छ, यसको समाधान कसरी हुन्छ ?,' अग्रवालले प्रश्न गरिन्।

कार्कीले विदेशमा रहेका नेपालीलाई मतदान अधिकार दिन सकिने बताए। नेपाली दूतावास वा तोकिएको स्थानमा मतपेटिका राखेर गरिने मतदान, हुलाकमार्फत मतपत्र पठाउने,

⏭ क्रमशः पृष्ठ २ मा

# सर्वदलीय बैठकमा सरकारको खोजी



■ जेबी योञ्जन

**काठमाडौं–** सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई समुदायबीच भएको हिंसात्मक घटनापछि सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बुधबार सर्वदलीय बैठक बोलाए। बैठकमा सहभागी प्रमुख राजनीतिक दलका नेताहरूले प्रधानमन्त्री वालेन्द्र शाहको भूमिकामाथि कडा प्रश्न उठाए।

उनीहरूले राष्ट्रिय संकटका बेला प्रधानमन्त्रीले नेतृत्व लिन नसकेको आरोप लगाए। सर्वदलीय बैठक आफैंले नबोलाएको विषय पनि आलोचनाको केन्द्र बन्यो। सेना परिचालनको निर्णयमाथि पनि एकपछि अर्को प्रश्न उठाइयो।

बैठकमा सहभागी नेताहरूको साझा भनाइ थियो- राष्ट्रिय संकटमा सरकार अगाडि देखिनुपर्थ्यो। प्रधानमन्त्रीले सबै दललाई एकै ठाउँमा राखेर समाधान खोज्नुपर्थ्यो, तर त्यसो नभएको उनीहरूको आरोप थियो।

सबैभन्दा पहिले धारणा राख्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले रास्वपा सभापति लामिछानेले बैठक बोलाएकोमा स्वागत गरे। तर, यस्तो बैठक बोलाउने दायित्व प्रधानमन्त्रीकै भएको उनको भनाइ थियो। दाहालले भने, 'सुनसरी घटनापछि उत्पन्न तनाव मत्थर भएको छैन। विगतमा पनि देशमा ठूलै संकट निम्तिँदा सर्वदलीय बैठक बोलाउने, छलफल गर्ने र निष्कर्षमा पुग्ने गरिएकै हो। यसपटक रास्वपाका सभापति रवि लामिछानेजीले बैठक बोलाउनुभयो। यो प्रयत्न ठीक छ। तर, सर्वदलीय बैठक प्रधानमन्त्रीले आह्वान गर्नुपर्थ्यो। उहाँले किन बोलाउनुभएन ? देशमा यत्रो संकट निम्तिएको छ। उहाँ गम्भीर नभएको यसबाट पनि देखिन्छ।'

दाहालले राष्ट्रिय संकटमा दलहरूबीच सहकार्य आवश्यक हुने बताए। 'सदनमा सत्तापक्ष र प्रतिपक्ष हुन्छ। तर, राष्ट्रिय संकटको सामूहिक सामना गर्ने हो। हामी साथ दिन तयार छौं। तर, बैठक नबोलाउने र समाधानका लागि पहल नगर्ने शैली ठीक होइन,' उनले भने।

नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले संकटका बेला नेतृत्व दिन नसकेको टिप्पणी गरे। उनले सरकार सुरक्षा कारबाहीमामात्रै केन्द्रित भएको आरोप लगाए। 'सरकार कहाँ छ ? सरकार के गरिरहेको छ ? सरकार केवल गोली र लाठीमामात्र भेटिनु र स्टाटसमामात्र सीमित रहने ? सरकार भनेको अभिभावकमात्र होइन, नेतृत्वकर्ता पनि हो। उसले सबैलाई विश्वासमा लिन सक्नुपर्छ,' उनले भने। सभापति थापाले सुनसरी घटनालाई राज्य संयन्त्रको कमजोरीसँग जोडे।

⏭ क्रमशः पृष्ठ २ मा

"

आजको आवश्यकता शान्ति र अमनचयन कायम गर्नु हो। सामाजिक सद्भाव भड्किन नदिन हामी गम्भीर हुनुपर्छ।

■ **रवि लामिछाने**
सभापति, रास्वपा

सर्वदलीय बैठक प्रधानमन्त्रीले आह्वान गर्नुपर्थ्यो। उहाँले किन बोलाउनुभएन ? देशमा यत्रो संकट निम्तिँदा उहाँ गम्भीर नभएको यसबाट पनि देखिन्छ।

■ **पुष्पकमल दाहाल**
संयोजक, नेकपा

सरकार कहाँ छ ? सरकार के गरिरहेको छ ? सरकार केवल गोली र लाठीमामात्र भेटिनु र स्टाटसमामात्र सीमित रहने ? सरकारले सबैलाई विश्वासमा लिन सक्नुपर्छ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस

घटनाको क्षति अस्वाभाविक छ। गोली चलाउने अवस्था किन आयो ? सेना किन परिचालन गरियो ? सेनाप्रति प्रधानमन्त्रीको अतिरिक्त मोह किन ?

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

दुई समुदायबीच आपसी संवाद र छलफलबाट तनाव मत्थर गर्न सकिन्छ। सेना उतारेर तर्साएर हुँदैन।

■ **डा. सिके राउत**
अध्यक्ष, जनमत पार्टी

## सामान्य बन्दै सुनसरीको जनजीवन

**काठमाडौं (प्रस)–** गत आइतबार दुई समूहबीच झडप भएयता अशान्त बनेको सुनसरीको जनजीवन सामान्यतर्फ उन्मुख भएको छ। सरकार, स्थानीय प्रशासन, सुरक्षा निकाय तथा राजनीतिक दलहरूको प्रयासपछि अवस्था सामान्य बन्दै गएको हो।

जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले सुरक्षा अवस्था सामान्यतर्फ उन्मुख भएको र थप प्रयास जारी रहेको बताए। उनका अनुसार प्रभावित केही गाउँपालिकाले सर्वपक्षीय सद्भाव बैठक आयोजना गरी अवस्था सामान्य बनाउनका लागि भूमिका खेलेका छन्।

'विशेषगरी हरिनगर र भोक्राह नरसिंह गाउँपालिकाले आज (बुधबार) सर्वपक्षीय सद्भाव बैठक आयोजना गरेका छन्, उक्त बैठकमा शान्ति तथा सुव्यवस्थामा खलल आउन नदिनका लागि सक्दो प्रयास गर्ने सहमति भएको छ,' उनले भने।

गत आइतबार राति दुई समूहबीच भएको विवादपछि असहज बनेको थियो। विवादका क्रममा भएको झडपमा गोली लागी एक जनाको मृत्यु भएको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# प्रतिवेदन बुझाउने तयारीमा सेवा शुल्क निर्धारण कार्यदल

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि सेवा शुल्क निर्धारण गर्न सिफारिसका लागि बनेको कार्यदलले प्रतिवेदन बुझाउने तयारी गरेको छ। कार्यदलले भोलि (शुक्रबार) प्रतिवेदन बुझाउने जानकारी दिएको छ।

यता व्यवसायीहरू भने आफूहरूसँग थप छलफलविनै कार्यदलले प्रतिवेदन बुझाउन लागेपछि सशंकित बनेका छन्। प्रतिवेदनलाई अन्तिम रूप दिनुअघि थप छलफल नहुने भएपछि आफूहरूले राखेका विषयवस्तु नसमेटिने हो कि भन्ने चिन्ता बढेको व्यवसायीको भनाइ छ।

यतिबेला वैदेशिक रोजगार व्यवसायीहरू सेवा शुल्कको निर्धारण र विभागको व्यवहार नसुध्रिएसम्म श्रमिक पठाउन नसक्ने भन्दै सरकारलाई १५ दिने अल्टिमेटम दिएर बसेका छन्। अहिले भिसाको अन्तिम प्रक्रियामा रहेका श्रमिककोमात्र काम भइरहेको व्यवसायीहरू बताउँछन्। आफ्नो माग पूरा नभए काम बन्द गर्ने भन्दै साउन ८ गते नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डलले श्रममन्त्री रामजी यादवलाई भेटेर ध्यानाकर्षणपत्र बुझाएको थियो। जवाफमा मन्त्री यादवले सेवा शुल्कसम्बन्धी प्रतिवेदन १५ गतेभित्र तयार हुने आश्वासन दिएका थिए।


सर्वस्वीकार्य नीतिविना काम गर्न नसकिने अवस्थामा प्रतिवेदनलाई अन्तिम रूप दिँदै गर्दा सरकारले व्यवसायीको सहमति लिनुपर्ने संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए। अपेक्षाभन्दा फरक भएर प्रतिवेदन आए त्यो अर्थहीन हुने उनको भनाइ छ।

'सरकारले सहमति लिनपर्ने हो। हामीले सरकारलाई हाम्रा खर्च शीर्षकहरू र हामीले अपेक्षा गरेको वैज्ञानिक सेवा शुल्क बुझाएका छौं,' उनले भने, 'तर अन्त्यमा हामीले भनेको विषय नै फरक भएर आयो भने त्यसको अर्थ रहँदैन।'

विभागले अक्षरशः कानुनको पालना गराउने विषयमा दण्ड सजायको दायरा बढाउँदै लगेको व्यवसायीको आरोप छ। सरकारले वैज्ञानिक सेवा शुल्क निर्धारणको विषय टुंग्याएपछि मात्र पुनर्ताजगीका साथ पेसामा फर्किने व्यवसायीहरूको अडान छ। संघको प्रस्तावमाथि अध्ययन गरिसकेपछि मन्त्रालयले थप छलफलका लागि बोलाउने आश्वासन दिएको थियो। तर सेवा शुल्कको विषयमा व्यवसायीको प्रस्ताव आइसकेकाले थप छलफल आवश्यक नभएको मन्त्रालयका प्रवक्ता तथा कार्यदलका संयोजक पिताम्बर घिमिरेले बताए। '१५ गतेसम्म प्रतिवेदन बुझाउने भन्ने छ। काम भइरहेको छ। सरोकारवालासँग सबै छलफल भइसक्यो,' उनले भने, 'अब फेरि उहाँहरूसँग बस्दैनौं। अन्तिम रूप दिएर बुझाउन बाँकी हो।'

श्रममन्त्री यादवले गत जेठ २२ गते सात सदस्यीय कार्यदल बनाएर ३५ दिनभित्र सेवा शुल्क निर्धारण गर्न निर्देशन दिएका थिए।

⏭ क्रमशः पृष्ठ २ मा



हामीले सरकारलाई हाम्रा खर्च शीर्षकहरु र हामीले अपेक्षा गरेको वैज्ञानिक सेवा शुल्क बुझाएका छौं। प्रतिवेदनमा हामीले भनेको विषय नै फरक भएर आयो भने त्यसको अर्थ रहँदैन।

■ **डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



साउन १५ गतेसम्म प्रतिवेदन बुझाउने भन्ने छ। काम भइरहेको छ। सरोकारवालासँग सबै छलफल भइसक्यो। अब फेरि उहाँहरूसँग बस्दैनौं। अन्तिम रुप दिएर बुझाउँछौं।

■ **पिताम्बर घिमिरे**
संयोजक, सेवा शुल्क निर्धारण कार्यदल

# पाँच बुँदे सहमतिमा टुंगियो चिकित्सक आन्दोलन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चिकित्सकमाथि कुटपिटपछि आन्दोलनमा उत्रिएको नेपाल चिकित्सक संघ र सरकारबीच बुधबार पाँचबुँदे सहमति भएको छ। यो सहमतिसँगै चिकित्सकहरूले मंगलबारदेखि जारी राखेका विरोधका कार्यक्रमहरू फिर्ता लिएका छन्।

चिकित्सकमाथि आक्रमण गर्नेलाई कारबाही गर्ने सरकारले प्रतिबद्धता जनाएसँगै आन्दोलन स्थगित भएको हो। 'नारायणी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको कुटपिट तथा दुर्व्यवहार गर्ने व्यक्तिलाई गृह मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको ऐन २०६६ बमोजिम थप कारबाही अगाडि बढाउने,' सहमतिको पहिलो बुँदामा भनिएको छ।

उक्त ऐनमा भएको व्यवस्थाअनुसार स्वास्थ्यकर्मीको सुरक्षाका विषय कार्यान्वयन गर्न सरकारले आवश्यक निर्देशिका बनाउने, स्वास्थ्य संस्थामा हुने गरेका तोडफोड तथा स्वास्थ्यकर्मीमाथि हुने आक्रमणका घटनामा कानुनी कारबाही गर्न सम्बन्धित मन्त्रालयबीच आवश्यक समन्वय गरिने पनि सहमति भएको छ। बुधबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा नेपाल चिकित्सक संघका पदाधिकारीहरूबीच छलफलपछि सहमतिपत्रमा हस्ताक्षर भएको थियो।

⏭ क्रमशः पृष्ठ २ मा

### यस्तो छ पाँच बुँदे सहमति

१. हालै नारायणी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको कुटपिट तथा दुर्व्यवहार गर्ने व्यक्तिलाई गृह मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको ऐन, २०६६ बमोजिम थप कारबाही अगाडि बढाउने।

२. स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी २०६६ को दफा २, ३ र १५, साथै मुलुकी अपराध संहिता २०७४ को दफा २३२ र २३३ को सम्बन्धमा आवश्यक संशोधनका लागि आगामी प्रतिनिधिसभाको अधिवेशनमा विधेयक पेस गर्न तत्काल प्रक्रिया अगाडि बढाउने, यसमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आवश्यक सहजीकरण गर्ने।

३. उपभोक्ता संरक्षण ऐन, २०७५ मा स्वास्थ्यसम्बन्धी विषयमा आवश्यक संशोधन गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले नेपाल चिकित्सक संघसमेतको सहभागितामा सात दिनभित्र एक कार्यदल गठन गर्ने र सो कार्यदलको प्रतिवेदनसमेतको आधारमा माथि उल्लेखित संशोधन प्रस्तावमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ठोस सहजीकरण गर्ने।

४. यसअघि मन्त्रालयहरु र नेपाल चिकित्सक संघबीच भएका सम्झौताहरुको कार्यान्वयन गर्नका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र चिकित्सक संघलगायतको सहभागितामा तीन दिनभित्र कार्यदल गठन गर्ने।

५. नेपाल चिकित्सक संघले जारी राखेको आन्दोलन आजकै मितिदेखि स्थगित गरी सेवा सुचारू गर्ने।

पृष्ठ १ बाट क्रमशः

## सर्वदलीय बैठकमा...

'कसैलाई दोष दिएरमात्रै हुँदैन । यो राज्यको असफलताको निरन्तरता हो । मधेसमा कुनै घटना हुँदा अत्यधिक बल प्रयोग गरिन्छ । विगतमा पनि गलत थियो । अहिले पनि गलत छ,' उनले भने । उनले घटनाबारे संसद्मा गम्भीर छलफल हुनुपर्ने र निष्पक्ष छानबिन आवश्यक रहेको पनि बताए । नेकपा एमालेका महासचिव शंकर पोखरेलले सुनसरी घटनामा सुरक्षा चुक भएको दाबी गरे । त्यसको जिम्मेवारी सरकारले लिनुपर्ने उनको माग थियो । 'घटनाको क्षति अस्वाभाविक छ । गोली चलाउने अवस्था किन आयो ? सेना किन परिचालन गरियो ? सेनाप्रति प्रधानमन्त्रीको अतिरिक्त मोह किन ?,' पोखरेलको आक्रोश थियो ।

पोखरेलले सरकारले राजनीतिक नेतृत्व दिन नसकेको पनि बताए । 'शान्ति सुरक्षा सुदृढ बनाउने जिम्मेवारी सरकारको हो । त्यसको नेतृत्व स्वयं प्रधानमन्त्रीले लिनुपर्छ । सरकार र प्रधानमन्त्रीका तर्फबाट हुनुपर्ने पहलकदमीमा कमी देखिएको छ,' उनले भने । उनले सुरक्षा निकायको क्षमता र साधन-स्रोतको पनि समीक्षा गर्नुपर्ने बताए । 'यदि मनोबल गिरेको हो वा साधन-स्रोतको अभाव हो भने त्यसको अध्ययन हुनुपर्छ । भविष्यमा मानवीय क्षति नहुनेगरी भीड व्यवस्थापन गर्ने क्षमता विकास गर्नुपर्छ,' पोखरेलले भने ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्री र गृहमन्त्री दुवै बैठकमा अनुपस्थित रहेको विषयलाई गम्भीर रूपमा उठाए । 'सर्वदलीय बैठक प्रधानमन्त्रीले बोलाउनुपर्थ्यो । होइन भने पनि प्रधानमन्त्री र गृहमन्त्री बैठकमा हुनुपर्थ्यो तर, उनहरू स्टाटसमै देखिनुभयो,' उनले भने ।

आङ्देम्बेले सुरक्षा निकायलाई पहिल्यै सूचना हुँदाहुँदै पनि प्रभावकारी कदम चाल्न नसकेको दाबी गरे । 'दुई समुदायबीचको तनावबारे सुरक्षा निकायलाई पहिल्यै जानकारी थियो । नियन्त्रणको प्रयास किन भएन ? अहिले सेना परिचालन गरियो । के सेना हरेक समस्याको अचुक समाधान हो ?,' उनले भने । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले घटनाको जरासम्म पुग्न स्वतन्त्र अनुसन्धान आयोग गठन गर्न माग गरे । 'कप्तानगञ्ज घटनाको जरासम्म पुग्नुपर्छ । तुरुन्त आयोग बनाऔं । संवाद गरौं । यो अत्यन्त संवेदनशील विषय हो,' उनले भने ।

लिङ्देनले धार्मिक विषयमा राज्यले समान व्यवहार गर्न नसकेको आरोप पनि लगाए । 'राज्यको उदासीनताका कारण फेरि यस्तो घटना भयो । प्रत्येक नेपालीले आफ्नो धर्म, संस्कृति र परम्पराको अभ्यास निर्भयपूर्वक गर्न पाउनुपर्छ,' उनले भनिन् । उनले मृतकका परिवारलाई राहत, घाइतेको उपचार र दोषीमाथि कारबाही गर्न पनि सरकारसँग माग गरे । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले सेना परिचालनको प्रभावकारितामाथि प्रश्न उठाए । उनले सामाजिक तनाव सैन्य बलले नभई संवादबाट समाधान हुने बताए । 'दुई समुदायबीच आपसी संवाद र छलफलबाट तनाव मत्थर गर्न सकिन्छ । सेना उतारेर तर्साएर हुँदैन,' उनले भने ।

बैठकमा सहभागी अन्य नेताहरूले सुनसरीको घटनालाई स्थानीय विवादका रूपमा नहेर्न सरकारलाई आग्रह गरे । उनीहरूले सामाजिक सद्भाव बिग्रिन नदिन राजनीतिक नेतृत्व सक्रिय हुनुपर्ने बताए । प्रभावित क्षेत्रमा विश्वासको वातावरण बनाउनुपर्नेमा पनि जोड दिए ।

बैठकमा बारम्बार प्रधानमन्त्रीको भूमिकामाथि प्रश्न उठ्यो । अधिकांश नेताले राष्ट्रिय संकटका बेला प्रधानमन्त्री आफैं अग्रसर हुनुपर्ने बताए । सर्वदलीय बैठक सरकारकै पहलमा हुनुपर्ने उनीहरूको धारणा थियो । प्रधानमन्त्री बैठकमा अनुपस्थित रहनु र सार्वजनिक रूपमा सक्रिय नदेखिनुलाई उनीहरूले नेतृत्वको कमजोरीका रूपमा चित्रण गरे ।

सेना परिचालनको विषय पनि बैठकको अर्को प्रमुख एजेन्डा बन्यो । नेताहरूले गोली चलाउनुपर्ने अवस्था किन आयो भन्ने प्रश्न उठाए । स्थानीय प्रशासन र सुरक्षा निकायले समयमै तनाव नियन्त्रण गर्न नसकेको हो कि भन्ने विषयमा पनि छानबिन हुनुपर्ने माग गरे । कतिपय नेताले सेना अन्तिम विकल्प हुनुपर्ने धारणा राखे भने संवाद र राजनीतिक पहललाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

### सद्भाव कायम गर्न राष्ट्रिय एकता अपरिहार्य

सर्वदलीय बैठकमा रास्वपा सभापति लामिछानेले शान्ति, सुव्यवस्था र सद्भाव कायम गर्न राष्ट्रिय एकता अपरिहार्य भएकोमा जोड दिए । उनले विषम परिस्थितिमा राजनीतिक आग्रह-पूर्वाग्रहलाई थाती राखेर राष्ट्र हितका खातिर सबै राजनीतिक दल एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

बैठकपछि सञ्चारकर्मीसँग उनले बैठक प्रमुख दलका शीर्ष नेताहरूबाट मार्गदर्शन पाउन तथा देशमा असहज परिस्थिति उत्पन्न भएका बेला राजनीतिक दलहरू जिम्मेवार भएर एक ठाउँमा उभिनुपर्ने र आवश्यकअनुसार सामूहिक रूपमा सरकारलाई ध्यानाकर्षण गराउन आह्वान गरिएको बताए । उनले राजनीतिक रूपमा लड्ने मैदान आ-आफ्ना भए पनि यस्तो विषयमा आरोप-प्रत्यारोप नगरी साझा राष्ट्रिय दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिए ।

'हाम्रो पहिलो दायित्व देशमा शान्ति सुरक्षा कायम गर्ने हो । सरकारले आफ्नो काम गरिरहेको छ । आजको आवश्यकता शान्ति र अमनचयन कायम गर्नु हो । सामाजिक सद्भाव भड्किन नदिन हामी गम्भीर हुनुपर्छ,' सभापति लामिछानेले भने, 'नागरिकको ज्यान ज्यानु गम्भीर विषय हो । घटनाको सत्यतथ्य छानबिनपछि सार्वजनिक हुने छ । अहिले बाहिर आएका कतिपय विषय अफवाह पनि हुन सक्छन् ।'

### फेसबुकमार्फत प्रधानमन्त्रीको सन्देश

प्रधानमन्त्री शाहले सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक घटनाबारे पहिलोपटक सार्वजनिक धारणा व्यक्त गरेका छन् । मंगलबार मध्यराति फेसबुकमार्फत सन्देश जारी गर्दै उनले संयमता अपनाउन, सामाजिक सद्भाव कायम राख्न र उत्तेजनाबाट टाढा रहन सबैलाई आग्रह गरेका हुन् ।

प्रधानमन्त्री शाहले पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै उनीहरूको पीडा आफूले महसुस गरेको उल्लेख गरे । सरकारले छिट्टै न्याय, क्षतिपूर्ति र दोषीमाथि कानुनी कारबाही सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिएका छन् । प्रधानमन्त्री शाहले सुरक्षार्कीको गोलीबाट नागरिकको मृत्यु हुनु र घाइते हुनु सामान्य घटना नभएको बताएका छन् । उनले घटनाको निष्पक्ष अनुसन्धान गर्न र कानुनबमोजिम कारबाही गर्नुपर्ने उल्लेख गरेका छन् ।

■■■

## सामान्य बन्द...

जिल्ला प्रशासन कार्यालयले अवस्था बिग्रन नदिन तत्कालै विभिन्न प्रभावित नगरपालिका र गाउँपालिकामा अनिश्चितकालीन कर्फ्यु तथा निषेध आदेश जारी गरेको थियो ।

### सुरक्षा निकायका प्रमुखसँग प्रधानमन्त्रीको 'बिफ्रिङ'

प्रधानमन्त्री वालेन्द्र शाहले सुनसरीमा हालै भएको घटना र त्यसपछि उत्पन्न शान्ति-सुरक्षाको परिस्थितिबारे सुरक्षा निकायका प्रमुखहरूसँग विस्तृत 'ब्रिफिङ' लिएका छन् । उनले नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बल, नेपालका प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलसँग छुट्टाछुट्टै भेटी सुनसरीको पछिल्लो वस्तुस्थिति, सुरक्षा चुनौती तथा सम्भावित जोखिमबारे विस्तृत जानकारी लिएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिइन् । ब्रिफिङमा गृहमन्त्री सुधन गुरुङकोसमेत उपस्थिति रहेको थियो ।

ब्रिफिङका क्रममा प्रधानमन्त्री शाहले सुनसरीको परिस्थिति तत्काल नियन्त्रणमा लिन, आमनागरिकको धनजनको सुरक्षा सुनिश्चित गर्न र सामाजिक सद्भावमा खलल पुऱ्याउन खोज्ने तत्त्वहरूमाथि कडा निगरानी राख्न निर्देशन दिएको प्रेस तथा अनुसन्धानविज्ञ दाहालको भनाइ छ । प्रधानमन्त्री शाहले शान्ति सुरक्षा कायम राख्न कुनै पनि किसिमको सम्झौता नगर्न र गृह मन्त्रालय मातहतका दुवै सुरक्षा निकायलाई उच्च सतर्कताका साथ परिचालन गर्न स्पष्ट निर्देशन दिएको जनाइएको छ ।

### छानबिन समितिमा दुई सदस्य थप

सरकारले सुनसरीमा भएको घटनाका सम्बन्धमा छानबिन गर्न गठित समितिमा दुई सदस्य थप गरेको छ । गृह मन्त्रालयले बुधबार सचिवस्तरीय निर्णय गर्दै समितिमा ब्यालिस्टिक र फरेन्सिक हेर्ने गरी प्रहरी निरीक्षक दिपेश अवस्थी र प्रहरी नायब उपरीक्षक मोहनसिंह धामीलाई सदस्यका रूपमा नियुक्त गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिए । सरकारले उक्त घटनाका सम्बन्धमा छानबिन गर्न गत सोमबार गृह मन्त्रालयका सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको थियो । मन्त्रालयले समितिलाई घटनाको प्रतिवेदन यथाशीघ्र बुझाउन निर्देशनसमेत दिइएको जनाएको छ ।

'मन्त्रालयले सुनसरीलगायतका अन्य जिल्लामा सोही प्रकृतिको घटना घट्न नदिनका लागि पूर्वतयारीसमेत सुरु गरेको छ । यसका लागि मन्त्रालयले बाँके, कपिलवस्तु, धनुषा, सिरहा, सप्तरीलगायतका जिल्लामा शान्ति, सुव्यवस्था र आपसी सद्भाव कायम राख्न प्रमुख जिल्ला अधिकारीमार्फत आवश्यक समन्वय भइरहेको छ,' उनले भने ।

मन्त्रालयले उक्त क्षेत्रमा सुरक्षा अनुगमन र समन्वयलाई तीव्र पारेको छ । मन्त्रालयमा बुधबार गृहमन्त्रीसहित सचिव र सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा जिल्लागत सुरक्षा अवस्थाबारे पनि गम्भीर समीक्षा गरिएको छ । मन्त्रालयले वार्ताको माध्यमबाट सुनसरीको समस्या समाधान गर्न पहल गरिरहेको र हाल सुनसरीको देवानगञ्जलगायत अन्य संवेदनशील क्षेत्रमा अवस्था सामान्य बन्दै गएको जनाएको छ ।

■■■

## प्रमुख निर्वाचन...

ब्लकचेन प्रविधिमा आधारित सुरक्षित इन्टरनेट मतदान र प्रतिनिधिमूलक मतदानका विकल्प प्रस्तुत गरेका थिए । उनले सर्वोच्च अदालतको आदेश र नागरिकको चाहनाबमोजिम परराष्ट्र मन्त्रालयसँगको समन्वयमा योग्यता पुगेका नेपालीलाई मताधिकार दिन कानुनी र कूटनीतिक पहल गर्न सकिने कार्ययोजनामा लेखेका छन् ।

कांग्रेस सांसद आनन्द ढुंगानाले दलसम्बन्धी विवादमा आयोगले तटस्थ भूमिका निर्वाह गर्न सुझाएका थिए । 'दलसम्बन्धी विवाद आएमा दलसँग छलफल गरेर मात्र निर्णयमा पुग्ने व्यवस्था गर्नुपऱ्यो । यसअघि कांग्रेसको विवादमा एक पक्षलाई बोलाइएन,' उनले भने । ढुंगानाले मौन अवधिमा उम्मेदवारी खारेज गर्ने व्यवस्था हटाउन सुझाव दिए ।

एमालेका सांसद प्रेम दंगालले निर्वाचनमा भाग नलिने दललाई खारेज गर्न नहुने सुझाए । 'दल अनेक प्रयोजनका लागि स्थापना भएका हुन्छन् । सबैको उद्देश्य चुनाव लडने हुँदैन,' दंगालको सुझाव थियो । उनले निर्वाचन विश्वसनीय बनाउन चुनौती रहेको भन्दै नियमन गर्ने योजना के छ भनी प्रश्न गरे ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद वर्षमान पुनले पनि निर्वाचनमा प्रविधि मुख्य चुनौती बनेको बताए । 'अहिले विश्वकै चुनौती बनेको छ प्रविधि । यसलाई कसरी नियमन गर्ने ?,' पुनको प्रश्न थियो ।

सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै प्रस्तावित प्रमुख निर्वाचन आयुक्त कार्कीले आफ्नो कार्यकालमा बदर मत घटाउने र मतदान प्रतिशत बढाउने बताएका प्रतिबद्धता जनाए । सर्वोच्च अदालतबाट आयोग जना लागेका कार्कीलाई समिति सभापति बोधनारायण श्रेष्ठले 'रजिस्टारबाट प्रमुख निर्वाचन आयुक्त बन्दा के फाइदा हुन्छ ?' भन्दै प्रश्न गरेका थिए ।

कार्कीलाई सर्वोच्च अदालतको रजिस्टार रहेकै बेला संवैधानिक परिषद्को असार १९ गतेको बैठकले प्रमुख निर्वाचन आयुक्तमा सिफारिस गरेको थियो । रजिस्ट्रारमा ५८ वर्षे उमेर हदका कारण कार्कीको कार्यकाल एक वर्षमात्रै बाँकी थियो । निर्वाचन आयोगको प्रमुख आयुक्त बन्दा उनको अवधि पाँच वर्ष थप हुन्छ । प्रमुख आयुक्तको अवधि छ वर्ष र उमेर हद ६५ वर्ष छ ।

आफूले काम गर्ने अवधि धेरै पाउने भएकोले सर्वोच्च जान लागेको कार्कीको भनाइ थियो । 'संस्थागतरूपमा एउटा पाटो हो । व्यक्तिगतरूपमा भन्दाखेरी अब एउटा त्यो जागिरे मनोवृत्ति, त्यो अवधि पनि बढ्ने र संस्थागतरूपमै भन्दाखेरी अनुभूति दिलाउनेगरी काम गर्छु भन्ने मसँग भित्री अठोट भएकोले म त्यहाँ जान लागेको हो,' कार्कीले भने ।

## प्रतिवेदन बुझाउने...

कार्यदलमा वैदेशिक रोजगार व्यवस्थापन महाशाखाका प्रमुख एवं मन्त्रालयका प्रवक्ता घिमिरेसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव, नेपाल राष्ट्र बैंकका उपसचिव, राष्ट्रिय तथ्यांक कार्यालयका उपसचिव, चार्टर्ड एकाउन्टेन्ट, मन्त्रालयका सहसचिव गुरुदत्त सुवेदी र श्रमविद् रहेका छन् । कार्यदलले तोकिएको समयमा प्रतिवेदन बुझाउन नसकेपछि म्याद थपिएको थियो । सेवा शुल्क निर्धारणको विषय लामो समयदेखि विवादित र जटिल भएकाले ३५ दिनभित्र प्रतिवेदन तयार पार्न नसकिएको कार्यदलका सदस्यले बताउँदै आएका थिए ।

व्यवसायीहरूले श्रमिकको वर्गीकरण गरेर शुल्क निर्धारण गरिनुपर्ने माग राखेका छन् । अदक्ष कामदारको हकमा दुई महिनाको तलब, दक्ष कामदारलाई एक महिनाको तलब, विशेष दक्षता भएका कामदारलाई आधा महिनाको तलब र युरोपलगायत अति आकर्षक गन्तव्य मुलुकको हकमा एक महिनाको तलबबराबर सेवा शुल्क लिने प्रस्ताव व्यवसायीको छ । संस्था सञ्चालनका लागि अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, अन्तरवार्ता सञ्चालन र कार्यालय व्यवस्थापनमा ठूलो खर्च हुने भएकाले १० हजार रूपैयाँमा श्रमिक पठाउन नसक्ने जनाइएको छ ।

■■■

## पाँच बुँदे...

साउन ८ गते वीरगञ्जस्थित नारायणी अस्पतालमा कार्यरत डा. प्रमोद राममाथि कुटपिट भएपछि देशभरका अस्पतालमा आकस्मिकबाहेकका सबै सेवा बन्द भएको थियो । यसैगरी चिकित्सकहरू माइतीघरमा आन्दोलनमा उत्रिएका थिए । त्यसैगरी स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गर्नका लागि पनि कार्ययोजना तयार गरिने र सो कार्ययोजना कार्यान्वयनका लागि नेपाल चिकित्सक संघसँगको सहकार्यमा कार्यदल गठन र कार्यान्वयनको प्रगति नियमित समीक्षा गर्ने पनि सहमतिपत्रमा उल्लेख छ ।

उक्त सहमतिमा उपभोक्ता संरक्षण ऐन, २०७५ मा स्वास्थ्यसम्बन्धी विषयमा आवश्यक संशोधन गर्न स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयले चिकित्सक संघसमेतको सहभागितामा सात दिनभित्र कार्यदल गठन गरी सो कार्यदलको प्रतिवेदनका आधारमा आवश्यक संशोधन गरिने उल्लेख रहेको छ ।

उक्त सहमतिपत्रमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव डा. पराशर ढुंगाना, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडी, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटा तथा नेपाल चिकित्सक संघका अध्यक्ष डा. बद्री रिजालले हस्ताक्षर गरेका छन् । नारायणी अस्पतालमा बिरामीको मृत्युपछि अस्पतालमा तोडफोडसमेत भएको थियो । चिकित्सकमाथि कुटपिटको विरोधमा उक्त अस्पतालका ७१ जना चिकित्सकले मंगलबार सामूहिक राजीनामा दिएका थिए ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१४ गते**

यस कम्पनीको मिति २०८३/०४/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माइटी माइन्ड्स् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/०६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वत : ग्रोथ भेन्चर्स प्रा.लि. (प्रा.लि.नं. २१७२०४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Yusho Global Pvt. Ltd.** (ई.प.नं. ११८२/०७३/७४) मा कार्यरत पम्फा महत (ना.प्र.प्र.नं.३-०१-७५-०३२१५) यहि मिति : १४/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**YUSHO GLOBAL PVT. LTD.** श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Inspire International Employment Pvt.Ltd.** इजाजत नम्बर: १३६३/०७४/०७५ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन ।

तपसिल

| क्र.स | नाम थर | नागरिकता नं |
|---|---|---|
| १ | Bikash Adhikari | 82316272 |
| २ | Prajwal Karki | 6-851 |
| ३ | Mohan Kumar Sangraula | 27298 |
| ४ | Lila Adhikari | 22745-21 |
| ५ | Tej Limbu | 042043-1011 |
| ६ | Rikesh Gautam | 052020/23003 |
| ७ | Madhab Aryal | 271060-21255-7142-39853 |
| ८ | Sarwesh Khanal | 67874-68874 |
| ९ | Simana Bhattrai | 271040-129221 |
| १० | Juna Khati | 21-01-76-04081 |
| ११ | Dibya Neupane | 02-01-73-00394 |

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, १४ साउन, २०८३**

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । लगानी गर्दा सोचविचार दिनुहोस् । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ । |
| **तुला** | दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ । यात्राको सम्भावना देखिन्छ । |
| **वृश्चिक** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ । |
| **धनु** | नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा । खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस् । |
| **मकर** | व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ । स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ । |
| **कुम्भ** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र संयमले सफलता दिलाउने दिन छ । पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ साउन, २०८३ (३० जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५३.१६ | १५३.७६ |
| युरो | १ को | १७४.६० | १७५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.२५ | २०५.०५ |
| स्विस फ्रैन्क | १ को | १८८.०१ | १८८.७४ |
| अस्ट्रेलियन डलर | १ को | १०७.२७ | १०७.६९ |
| क्यानाडियन डलर | १ को | १०८.५९ | १०९.०१ |
| सिङगापुर डलर | १ को | ११८.७५ | ११९.२२ |
| जापानी येन | १० को | ९.३७ | ९.४० |
| चिनियाँ युआन | १ को | २२.६४ | २२.७३ |
| साउदी अरब रियाल | १ को | ४०.८० | ४०.९६ |
| कतारी रियाल | १ को | ४२.०१ | ४२.१८ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.७० | ४१.८७ |
| मलेसियन रिङेट | १ को | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | १०.४३ | १०.४७ |
| स्विडिस क्रोनर | १ को | १५.८२ | १५.८८ |
| डेनिस क्रोनर | १ को | २३.३६ | २३.४५ |
| हङकङ डलर | १ को | १९.५३ | १९.६१ |
| कुवेती दिनार | १ को | ४९७.६० | ४९९.५५ |
| बहराइन दिनार | १ को | ४०६.२१ | ४०७.८० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# इपिएस रोजगारीले बढायो ई-राहदानीको माग

## दैनिक छापिंदै एक हजार ५०० वटा राहदानी

**काठमाडौं–** राहदानी विभागले विद्युतीय राहदानी (ई-पासपोर्ट) को बढ्दो मागलाई सम्बोधन गर्न उत्पादन क्षमता विस्तार गर्दै दैनिक करिब एक हजार ५०० वटा राहदानी उत्पादन तथा छपाइ गर्न थालेको छ। विभागले पछिल्लो समय विशेषगरी दक्षिण कोरियामा रोजगारीका लागि जाने नेपालीको संख्या बढेसँगै राहदानी बनाउने सेवाग्राहीको चाप उल्लेख्यरूपमा बढेको जनाएको छ।

विभागले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा नेपाली नागरिकलाई सहज, सरल, छिटो, सुरक्षित तथा प्रभावकारीरूपमा विद्युतीय राहदानी उपलब्ध गराउने उद्देश्यले सेवा प्रणाली तथा राहदानी उत्पादन क्षमतामा निरन्तर सुधार गर्दै आएको उल्लेख गरेको छ। विभागका अनुसार पछिल्लो एक सातादेखि विद्युतीय राहदानीको माग उल्लेख्यरूपमा वृद्धि भएको छ। बढ्दो मागलाई ध्यानमा राख्दै उत्पादन क्षमता विस्तार गरिएको र सेवाग्राहीलाई समयमै राहदानी उपलब्ध गराउने उद्देश्यले क्षमता थप वृद्धि गर्ने कार्य भइरहेको विभागले जनाएको छ।

विशेषगरी दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली 'इपिएस'अन्तर्गत आवेदन तथा श्रम स्वीकृति प्रक्रिया अघि बढेसँगै राहदानीका लागि आवेदन दिने नेपालीको संख्या बढेको छ। 'इपिएस' लगायत वैदेशिक रोजगारी, अध्ययन, भ्रमण, उपचार तथा अन्य प्रयोजनका लागि विदेश जाने नेपालीको संख्या बढ्दै जाँदा विद्युतीय राहदानीको माग निरन्तर बढिरहेको छ।

विद्युतीय राहदानीसम्बन्धी सेवा काठमाडौंमामात्र सीमित नरहेको विभागले जनाएको छ। देशभरका ७७ वटै जिल्ला प्रशासन कार्यालय तथा विभिन्न इलाका प्रशासन कार्यालयबाटसमेत सेवा उपलब्ध हुँदै आएको छ। त्यसैगरी विदेशमा रहेका नेपाली नागरिकले विदेशस्थित नेपाली नियोगमार्फत विद्युतीय राहदानीसम्बन्धी सेवा लिन सक्ने व्यवस्था रहेको छ। आगामी दिनमा सेवाग्राहीको आवश्यकता र मागअनुसार सेवा विस्तार गर्दै प्रणालीलाई थप सुदृढ बनाउने विभागको योजना छ।

बढ्दो सेवाग्राहीको चापलाई व्यवस्थापन गर्न विभागले राहदानी उत्पादन तथा सेवा प्रवाहको क्षमता विस्तार गर्नुका साथै सम्बन्धित जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र विदेशस्थित नेपाली नियोगसँग समन्वय गर्दै आएको छ। नेपालमा विद्युतीय राहदानी वितरणको औपचारिक सुरुआत २०७८ मंसिर १ गते भएको थियो। नयाँ विद्युतीय राहदानी प्रणाली सुरु भएको प्रारम्भिक चरणमा विभागले दैनिक करिब १०० मात्र विद्युतीय राहदानी जारी गर्ने गरेको थियो।

त्यस समयमा राहदानी प्राप्त गर्न दुई साताभन्दा बढी समय लाग्ने अवस्था रहेको विभागले जनाएको छ। अहिले भने नयाँ प्रणालीमार्फत दैनिक करिब एक हजार ५०० वटा विद्युतीय राहदानी उत्पादन तथा जारी गर्न सक्ने क्षमतामा विभाग पुगेको छ। विभागले यसलाई विद्युतीय राहदानी सेवाको क्षेत्रमा उल्लेखनीय प्रगतिको रूपमा लिएको छ। अत्याधुनिक प्रविधिमा आधारित विद्युतीय राहदानी प्रणाली सञ्चालनका क्रममा देखिन सक्ने प्राविधिक समस्यालाई प्राथमिकताका साथ समाधान गर्दै आएको छ।

पछिल्लो समय सेवा प्रवाहका क्रममा देखिएका प्राविधिक समस्यालाई आगामी एक महिनाभित्र समाधान गर्ने र तीन महिनाभित्र प्रणालीलाई स्थिर बनाउनेगरी आवश्यक प्राविधिक तथा व्यवस्थापकीय कार्य अघि बढाइएको छ। सेवाग्राहीले राहदानी प्राप्त गर्न अनावश्यक कठिनाइ व्यहोर्नु नपरोस् भन्ने उद्देश्यले प्रणालीको क्षमता, स्थायित्व र कार्यसम्पादन सुधारका लागि सम्बन्धित प्राविधिक पक्षसँग निरन्तर समन्वय भइरहेको विभागको भनाइ छ।

प्राविधिक समस्या समाधान गर्दै विद्युतीय राहदानी सेवा थप सहज, भरपर्दो, सुरक्षित तथा प्रभावकारी बनाउनेतर्फ विभागले विशेष ध्यान केन्द्रित गरेको छ। राहदानी अत्यावश्यक सरकारी दस्तावेज भएकाले वैदेशिक रोजगारी, अध्ययन, उपचार, पारिवारिक तथा अन्य अत्यावश्यक प्रयोजनका लागि तत्काल राहदानी आवश्यक पर्ने सेवाग्राहीको आवश्यकतालाई प्राथमिकतामा राखिएको विभागले जनाएको छ।

सेवाग्राहीको चाप बढेको अवस्थामासमेत सेवा प्रवाहलाई निरन्तरता दिँदै अत्यावश्यक अवस्थामा रहेका सेवाग्राहीलाई सम्भव भएसम्म प्राथमिकताका साथ सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। विभागले सेवाग्राहीका आवश्यकता तथा गुनासोलाई सम्बोधन गर्दै विद्युतीय राहदानी सेवामा देखिएका समस्या समाधान र सेवा प्रवाहमा थप सुधारका लागि निरन्तर काम गर्ने प्रतिबद्धता जनाएको छ। *रासस*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७७।१२।२५ मा दर्ता भएको प्रा.लि.नं. २६१५२३ को **पोलेसि ईनिसीएटीभ नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Global Reliance Overseas Services Pvt.Ltd.** इजाजत नम्बरः ८३२/६६/६७ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन।

तपसिल

| क्र.स | नाम थर | ठेगाना | नागरिकता नं |
|---|---|---|---|
| १ | रंगिला तामाङ | दुप्चेश्वर गा.पा-३, नुवाकोट | 25027501167 |
| २ | सुमित गिरी | छत्रकोट गा.पा-६, गुल्मी | 41-01-80-02674 |
| ३ | सुजता भुसाल लम्साल | शुक्लगण्डकी न.पा-८, तनहु | 43-01-73-10180 |
| ४ | केदार बहादर राइ | रूपाकोट मझुवागढी-९, खोटाङ | 2623 |
| ५ | रेश्मा शेर्पा | मेरिङदेन गा.पा-६, ताप्लेजुङ | 01-01-74-03222 |
| ६ | सबिना बोहोरा (नियुक्ति गरिएको) | खाँडादेभी गा.पा-३, रामेछाप | 21-01-78-05949 |

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

---

### कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Florida Recruitment Service Pvt. Ltd.** (ई.प.नं. ३२२/०५९/०६०) मा श्रम प्रतिनिधि पदमा कार्यरत बिमल गुरूङ (ना.प्र.प्र.नं.२६५६, ठेगाना : स्याङ्जा जिल्ला थापुक सिमल भञ्ज्याङ) यहि मिति : १३/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

**Florida Recruitment Service Pvt. Ltd.**
Kathmandu-3, Lazimpat. Tel : +977-1-4415253/ 4415252, Fax: +977-1-4415253
Govt. License 322/059/060

---

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८३/०४/१४**

यस बैंकका निक्षेपकर्ता दल बहादुर न.को को नाति, श्री श्याम बहादुर न.को छोरा, काठमाण्डौं जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ४ बस्ने वर्ष ५१ को श्री **मुरारी सिहं न.** (ना.प्र.प.न.७५१/१६२८६/११०३/२६१७०, जारी मिति २०५०/०९/११, काठमाण्डौं) को मिति २०८३/०२/२२ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमती सानु माया थापा मगरले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरु निवेदकको माग बमोजिम मृतकको श्रीमती सानु माया थापा मगरको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

### Announcement of NAME CORRECTION

I, Piyush Kumar Shah, resident of Ward No. 14, Kalanki Municipality, Bagmati Province, Nepal, hereby declare that my parents' names have been incorrectly mentioned Mother's name is Rajani Devi Shah Father's name is Upendra Shah in my CBSE Class 10 Examination Result 2023 and Class 12 Examination Result 2025. The correct names are Mother's name is Rajani Kumari & Father's name is Upendra Kumar Shah.

---

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ९७ साउन १३ गते २०८३ मा प्रकाशित **Shivam International Manpower Services Pvt. Ltd** को **Lalit Cleaning And Contracting** कम्पनीको **Lot No. 345080** विज्ञापनमा **कतार** देश हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

Shivam International Manpower Services Pvt. Ltd
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780, Shiva Bahadur Kunwar 9802002020
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

---

### कतारमा रोजगार

कम्पनी : VERVE WOMENS SALOON — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/08/13 | LT. No. 345711 | चलानी नं. ६०२५८९४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 1 | 1800 | ७५,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इंप.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Ramesh Khadka 9801006239, E-mail : alkausar.hrm@gmail.com

---

### जापानमा रोजगार

कम्पनी : AMS COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/08/13 | LT. No. 342767 | चलानी नं. ६०२५८९२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tiles Fixer | 3 | 0 | 199000 | १,८५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैँले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**ALL RAHIM MANPOWER PVT. LTD.**
श्रम इजाजत नं. १२६४/०७४/०७५
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal, Tel : 01 4544419, 01 4544429, Mob : 9803922236
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com.np

---

### नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लि. को ऋणीलाई कर्जा चुक्ता गर्ने आउने बारेको ३५ दिने सूचना

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जा रकमको संस्थालाई म्यादभित्र तिर्नुपर्ने बाँकी रहेको साँवा, व्याज नबुझाई कर्जाको शर्त कबुलियत उल्लंघन गर्नुका साथै पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सस्थामा उपस्थित भई कर्जा चुक्ता गरी (साँवा व्याज हर्जाना) धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित कर्जावाला र धितो जमानी दिनुहुने महानुभावलाई जानकारी गराइन्छ। यो सूचना बमोजिम ३५ दिन भित्र चुक्ता नभएमा यस संस्थामा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट आफूले के कति दरमा लिने हो सो रकम उल्लेख गरी सिलवन्दी वोलपत्र पेश गर्नु हुन अनुरोध गरिन्छ। यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति संस्था आफैले सकारी लिनेछ। बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहित रहनेछ।

| ऋणीको नाम | बुबाको नाम | बाजेको नाम | ठेगाना | धिताको ठेगाना | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| **ओम कृष्ण प्रसाई** | चन्द्र प्र. प्रसाई | हरी प्र. प्रसाई | तेह्रथुम संक्रान्ति बजार वडा नं. ६ | काठमाडौं, बाँडभञ्ज्याङ्ग ९घ र ८क | १३८, ८६ | १-६-१-१ |

**नेपाल लायन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
त्रिपुरेश्वर-११, फोन नं. ०१-५३५१२०९

---

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

### कर्जा चुक्ता भुक्तानीको लागि धनजमानतकर्ताहरूको नाममा प्रकाशित ९० दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०४/१४**

तपसिलमा उल्लिखित विवरण बमोजिमका ऋणीहरुले यस विकास बैंकको गल्छी शाखा कार्यालयबाट कर्जा लिई बैंक र ऋणीबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको सावाँ ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणी, धितो/धनजमानतकर्ता समेतलाई कर्जा बुझाई नियमित गर्नको लागि पटक पटक लिखित पत्र मार्फत तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउँदा समेत कर्जा नबुझाउनु भएकोले बैंक बाध्य भई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको सम्पत्ति (घर/जग्गा/सवारी साधन) बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी/गैर बैंकिङ सम्पत्तिको रुपमा सकार गरी हिसावमिलान गर्दा बैंकको सम्पूर्ण कर्जा असुल उपर नभएको र उपरोक्त कर्जामा तपाईँहरुले व्यक्तिगत धनजमानी दिनु भएको हुँदा धितो लिलाम बिक्री/गैर बैंकिङ सम्पत्ति सकारबाट असुल उपर/हिसाव मिलान नभई बाँकी बक्यौता रहेको कर्जा रकम, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तानको लागि तपाईँ धनजमानतकर्ताको नाममा यो नब्बे (९०) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले नब्बे (९०) दिनभित्र यस बैंकमा सम्पर्क राखी बाँकी रहेको सम्पूर्ण कर्जा चुक्ता भुक्तान गरी आफ्नो दायित्वबाट मुक्त हुनुहोला। अन्यथा तपाईँ तथा तपाईँहरुको एकाघर सगोलका परिवारका सदस्यको नाममा रहेको घरघरानाको चलअचल सम्पत्तिबाट ऋण असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ। साथै, सूचनाको अवधिभित्र सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान नगरे मा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकद्वारा जारी कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा तपाईँहरुको नाम कालोसूचीमा समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

| क्रसं | जमानीकर्ताको नाम | ना.प्र.नं./जारी जिल्ला | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | सम्बन्धित ऋणी |
|---|---|---|---|---|---|---|
| १. | पुर्णबहादुर श्रेष्ठ | २६१४३९४ (जि.प्र.का. धादिङ) | हिरालाल श्रेष्ठ | कुल वहादुर | धादिङ जिल्ला, किरानचोक -०८ हाल गजुरी गा.पा.वडा नं.०६ | **एम.डि.मोटरसाइकल वर्कसप** **प्रोप्राईटर : कमला श्रेष्ठ** **प्रा.फ.नं. : ३१४४/०६९/७०** ठेगाना : पिडा -०१, आदमघाट धादिङ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, धादिङ स्थायी लेखा नं.: ६००८४४४७९ **शाखा कार्यालय : गल्छी** **कर्जा शीर्षक : सरल व्यापार कर्जा अधिविकर्ष** |

---

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

**सूचना प्रकाशित मिति: २०८३/०४/१४**

**श्री सिंगविर तामाङकी** छोरी, **श्री इमान सिं तामाङकी** छोराबुहारी, **श्री आस बहादुर गुरुङ भन्ने बाबुलाल तामाङकी** पत्नी **बागमती प्रदेश, काभ्रेपलाञ्चोक** जिल्ला साविक **कुरुवास चापाखौरी गा.पा** वडा नं. २ भई (हाल तेमाल गा.पा.०७) बस्ने **श्रीमती डोल माया भन्ने डोल माया तामाङले** यस शाखामा पेन्सन खाता नं. **१९६१५२४०३००२५२** संचालन गर्दै आउनु भएकोमा मिति **२०७२/०१/२४** मा निज खातावाला **श्रीमती डोल माया भन्ने डोल माया तामाङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने **श्री दुर्गा बहादुर लामा**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती डोल माया भन्ने डोल माया तामाङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३

---

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना १४ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय लाहानबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

हजारी यादवको नाति वौए लाल यादवको छोरा सिरहा जिल्ला भवानीपुर का.व. वडा नं. ७ हाल, लहान न.पा. वडा नं. २१ बस्ने **सत्य नारायण यादव** (ना.प्र.नं. : २५३, १५२००९/१३६३४ जारी मिति र जिल्ला : २०४७/११/१७, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) प्रेम यादवको नाति हजारी यादवको छोरा सिरहा जिल्ला भवानीपुर वडा नं. ५ हाल, लहान न.पा. वडा नं. २१ बस्ने **बौएलाल यादव** (ना.प्र.नं. : १३५७०३८१/६८६९ जारी मिति र जिल्ला : २०३५/१२/२२, सिरहा)

२) तेजी लाल यादवको छोरी वौए लाल यादवको बुहारी सत्य नारायण यादवको पत्नी सिरहा जिल्ला भवानीपुर का.व. वडा नं. ७ हाल, लहान न.पा. वडा नं. २१ बस्ने **शुशिला देवी यादव** (ना.प्र.नं. : १५३००९/३६२ जारी मिति र जिल्ला : २०६३/१०/२९, सिरहा)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
मिति २०८३ साल जेष्ठ महिनाको २९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सत्य नारायण यादव | सिरहा जिल्ला सिंग्राही मटियर्वा वडा नं. ४ | ४ख | २४९५ | ०-०-१२-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल भदौ महिना ३ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय लाहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना ४ गते बिहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय लाहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेतृत्वको परीक्षामा चुकेका प्रधानमन्त्री

**सुनसरीको देवानगञ्ज गाउँपालिका–३ कप्तानगञ्जमा दुई समुदायबीच भड्किएको हिंसात्मक झडप र त्यसपछिको स्थितिले मुलुकको शान्ति–सुरक्षा तथा सामाजिक सद्भावमाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएको छ । कुनै पनि राष्ट्रमा संकट आउँदा वा सामाजिक सद्भाव भड्किने जोखिम बढ्दा राज्यको उपस्थिति र त्यसको अभिभावकीय नेतृत्व सबैभन्दा अगाडि देखिनुपर्छ । तर, कप्तानगञ्ज घटनापछिका घटनाक्रम र राज्य संयन्त्रको भूमिकालाई नजिकबाट नियाल्दा, संकट व्यवस्थापनमा सरकार र विशेषगरी प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वदायी तत्परता प्रभावकारी देखिन सकेन ।**

**राष्ट्रिय संकटका बेला प्रमुख राजनीतिक दलहरूलाई एकै ठाउँमा ल्याएर छलफल गराउने, घटनाको गम्भीरता बुझेर राजनीतिक समाधान खोज्ने र सम्पूर्ण देशलाई संयमित रहन आश्वस्त पार्ने मुख्य दायित्व मुलुकको कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्रीकै हो । तर, जब देशको एउटा संवेदनशील क्षेत्र हिंसाको आगोमा जलिरहेको थियो, तब प्रधानमन्त्री न त मैदानमा देखिए, न त उनले सत्तापक्ष र प्रतिपक्षलाई एउटै टेबलमा राखेर राष्ट्रिय निकास खोज्ने पहल नै गरे ।**

**संकटको घडीमा कार्यपालिका प्रमुखको कार्यशैली केवल सामाजिक सञ्जालमा ‘स्टाटस’ लेख्ने र समवेदना प्रकट गर्नेमामात्र सीमित हुनु विडम्बनापूर्ण छ । नागरिकले सरकारको उपस्थिति फेसबुक वा अन्य सामाजिक सञ्जालका भित्ताहरूमा होइन, नीतिगत निर्णय, प्रभावकारी शान्ति–सुरक्षा र विश्वासयोग्य राजनीतिक संवादमा खोजेका हुन्छन् । घटना हुनुअघि नै सुरक्षा निकायलाई पूर्वसूचना हुँदाहुँदै पनि समयमै स्थिति नियन्त्रणमा लिन नसक्नु र घटना भड्किएपछि हतारमा गोली र लाठीको सहारा लिनुले राज्य संयन्त्रको असफलता र दूरदर्शिताको अभावलाई प्रस्ट पार्छ ।**

**भीड व्यवस्थापन र सामाजिक तनाव न्यूनीकरणका लागि राजनीतिक संवाद तथा स्थानीयस्तरमा विश्वासको वातावरण बनाउनु पहिलो प्राथमिकता हुनुपर्थ्यो । तर, संवादको ढोका थुनेर सीधै अत्यधिक बल प्रयोग र सेना परिचालनको बाटो रोज्नुले सरकारको सर्वसत्तावादी सोच र अपरिपक्वता दर्साउँछ । सुरक्षा निकायलाई अचुक समाधानका रूपमाभन्दा पनि अन्तिम विकल्पका रूपमा प्रयोग गरिनुपर्थ्यो ।**

**अहिलेको आवश्यकता भनेको घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नु, घाइतेहरूको उचित उपचार र पीडित परिवारलाई राहत उपलब्ध गराउनु हो । तर, त्योभन्दा पनि महत्त्वपूर्ण कुरा भड्किएको सामाजिक सद्भावलाई पुनः स्थापित गर्नु हो, जुन सैन्य बलले नभई राजनीतिक दूरदर्शिता र संवादलेमात्र सम्भव छ । प्रधानमन्त्रीले अब पनि सामाजिक सञ्जालमा स्टाटस लेखेरमात्रै जिम्मेवारीबाट पन्छिनु ठीक होइन । वर्तमान संकट समाधानका लागि जवाफदेही बन्नुको विकल्प छैन ।**

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

#### मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

#### आफ्नो व्यक्तिगत जानकारी र कागजातहरु सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

#### अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

# नेपालको अस्तित्वगत संकट



❑ सिएन थारू



❑ आरके तामाङ

> “ आन्तरिकरूपमा हाम्रा बहुल जनताहरूको विविधता र अन्तरसम्बन्धहरूलाई द्वन्द्वात्मक विधिले विभाजन र अन्तरसंघर्षको रूपमा अर्थ्याइयो । द्वन्द्वात्मक विधिले संवैधानिक संकटको निकास असम्भव छ । बाह्यरूपमा भारत, चीन र अमेरिकाजस्ता शक्ति राष्ट्रहरूसँग नेता वा दलविशेषको व्यक्तिगत सम्बन्ध राख्नाले संस्थागत सम्बन्ध कमजोर भयो । राष्ट्रिय स्वार्थ छाडेर छात्रवृत्तिको सूचीजस्ता व्यक्तिगत लाभ केन्द्रित सम्बन्ध बनाएका कारण शक्ति केन्द्रहरूले राज्यसँग कर्मचारी तहभन्दा माथिको सम्बन्ध विकास गर्न सकेन । नेपालले हरेक शक्तिसँग समान दूरी कायम गर्नु व्यावहारिकरूपमा सम्भव छैन ।

नेपालले तत्काल‌ै विदेशी कब्जा, भौगोलिक विखण्डन वा अन्तर्राष्ट्रिय प्रणालीबाटै लोप हुने खतराको सामना गरिरहेको छैन । नेपालको सीमा, अन्तर राष्ट्रिय मान्यता तथा संयुक्त राष्ट्रसंघमा आफ्नो स्थान कायम रहने छ । तर नेपालले एक राज्यको रूपमा प्रभावकारी शासन सञ्चालन गर्न, राजनीतिक एकता कायम राख्ने र आफ्नो भविष्यबारे स्वतन्त्र निर्णय लिने संस्थागत क्षमता तथा रणनीतिक स्वायत्तता गुमाउँदै गएको कारण अस्तित्वगत संकटमा पुगेको हो ।

अस्तित्वगत संकटको बिन्दुमा पुग्नमा बाहचरूपमा २१औं शताब्दीको टेक्टोनिक टकरावले भूमिका खेलेको छ भने आन्तरिकरूपमा संविधान २०७२ को अस्वीकारोक्ति, आर्थिक परनिर्भरता र भूराजनीतिक शक्तिहरूसँगको अविश्वासलगायतले मुख्य भूमिका खेलेको छ ।

## साना राष्ट्रहरूको संकट

अन्तर्राष्ट्रिय सम्बन्धमा ‘सानो राज्य’ जनसंख्या वा भूगोलका आधारमा भन्दा पनि मुख्यतः शक्ति–असमानताले निर्धारणा गर्दछ । विश्व व्यवस्थालाई एकतर्फी रूपमा आफ्नो आर्थिक, सैनिक, प्राविधिक र कूटनीतिक क्षमतामार्फत प्रभाव पार्न नसक्ने तथा विभिन्न बहुपक्षीय रणनीतिक सहकार्यविना बाहच दबाबबाट आफूलाई बचाउन नसक्ने राज्यहरू साना राज्य हुन् । नेपाल राज्यको ‘सानोपन’ र उसको सैनिक क्षमता, अर्थतन्त्र र बाहच दबाब थेग्न सक्ने कूटनीतिक क्षमताको सीमा भदौको जेन–जी आन्दोलनले उजागर गरेको छ । बाहच सैन्य हस्तक्षेपविना आफ्नै देशको आन्तरिक विद्रोहलाई चार घण्टा पनि थेग्न सकेन ।

हिजोको निदाएको ड्रागन र हात्ती २१औं शताब्दीको पहिलो र दोस्रो शक्ति बन्दै छ । दुवै देशको सर्विलांस फ्रन्टियर (सीमान्त निगरानी) हिमालय बनेको छ । सर्विलांस फ्रन्टियरको देश नेपाल भने पुरानो विश्व व्यवस्थाको ‘इन्डोप्यासिफिक रणनीति’ र नयाँ विश्व व्यवस्था निर्माण गरिरहेको ‘वेल्ट एण्ड रोड इनिसियटिभ’को टकरावमा रणनीतिक सामर्थ्य गुमाउँदै गइरहेको छ । अमेरिकाले सन् २०२५ को राष्ट्रिय सुरक्षा रणनीतिमा चीनलाई नियन्त्रण गर्ने मोर्चामध्ये गुहच रूपमा नेपाललाई ल्याण्ड थिएटर (जमिनी रणमैदान) हुन बाध्य पारिएको छ । उता चीनले एकतर्फी रूपमा ग्लोबल सेक्युरिटी इनिसियटिभमा रहेको दाबा गरेको छ । यस्तो टेक्टोनिक टकरावको बीचमा नेपालले भने भूराजनीतिक चुनौती सामना गर्ने क्षमता गुमाउँदै गइरहेको कारण अस्तित्वगत संकट निम्तिएको हो ।

## संवैधानिक संकट

१२ बुँदे दिल्ली सहमति र २०७२ को संविधानमार्फत राजकीय शक्तिमा नियन्त्रण गर्न सफल आधुनिक लोकतन्त्रवादी, गणतन्त्रवादी, संघीयतावादी, धर्मनिरपेक्षतावादी नेपाली कम्युनिस्ट र कांग्रेस पार्टीलाई बहुमतमार्फत कानुनी मान्यता प्राप्त भयो । तर यसले मुलुकलाई सर्वत्र अन्तरविरोध, असन्तुष्टि तथा शक्ति प्रतिस्पर्धाको अवस्थामा पुऱ्यायो । यो राजकीय शक्ति संरचना तथा हासिल गरिएको भनिएका उपलब्धिहरू सर्वत्र अस्वीकृत हुन पुगे । सिंहदरबार, बालुवाटार, राष्ट्रपति कार्यालय र पार्टी कार्यालयहरू जल्नु अस्वीकृतको कारण थियो । हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारले बनाएको ’संविधान संशोधन बहसपत्र’ कार्यदलले संविधानको २४५ धाराहरू संशोधनको सुझाव दिनुले यही तथ्यलाई पुष्टि गर्दछ । कम्युनिस्ट र कांग्रेसको शक्ति उन्मादीको कारण आन्तरिकरूपमा संविधान अस्वीकार गर्ने विभिन्न आठ पक्षहरू शक्ति प्रतिस्पर्धामा छन् ।

पहिलो, राजतन्त्रवादी/सम्वर्द्धनवादी हुन् । उनीहरू शान्ति प्रक्रियामा धोका र षडचन्त्र भएको महसुस गर्दै निरन्तर संघर्ष गरिरहेका छन् । गणतन्त्र कि राजतन्त्र हैन, कहिले राजतन्त्र आउँदै छ भन्ने अवस्था सिर्जना गरेको छ । दोस्रो, मधेसी जनता हुन् । मधेसको संघर्ष र बलिदानीपूर्ण सम्झौताहरू पालन भएको छैन । कांग्रेस, कम्युनिस्ट हुँदै मधेसी दलहरूपछि आज रास्वपाले झूटा वाचाहरू गरेर वालेन्द्र शाहलाई प्रधानमन्त्री नै बनाएता पनि बलगर संघीयताको झूटा आश्वासन राजनीतिक घोटालामा परिणत हुँदै छ । तेस्रो, आदिवासी जनता हुन । उनीहरूको ऐतिहासिक संघर्षलाई विभिन्न वाचा र सम्झौतामार्फत तुहाउने, हिंसात्मक दमन गर्ने, राज्य औपनिवेशिकता विस्तार गर्ने र धर्म संस्कृति समाप्त गर्ने काम भइरहेको छ । आदिवासी जनताहरू राजनीतिकरूपमा सधैँ उपयोग भए ।

चौथो, खस–क्षेत्री तथा आर्य–ब्राह्मण हुन् । राज्यसत्तामा आसेपासेले लाभ प्राप्त गरे पनि जनसांख्यिक घनत्व भएको ऐतिहासिक खसान क्षेत्र अविकासका कारण विस्थापन हुनुका साथै धर्म संस्कृतिमाथि आक्रमण भइरहेको छ । पाँचौं, मुस्लिम हुन जो इस्लामीकरणको स्वदेशी रूपबाट अरवीकरणको अन्धानुकरण र आतंकवादतर्फ संक्रमण भइरहेको छ । यसले मुख्यतः हिन्दू धर्मसँग गम्भीर द्वन्द्वको स्थिति निर्माण भएको छ ।

छैटौं, महिलाहरू हुन्, जसको सुधारलाई कानुनी तहमा सीमित गरेर पितृसत्तालाई व्यवहारमा झनै बलियो बनाइँदै छ । सातौं, दलित हुन्, जसको एतिहासिक उत्पीडनलाई कांग्रेस, कम्युनिस्ट तथा रास्वपालगायतका दल र ती दलभित्रका दलित नेताहरूले दुरूपयोग गर्दै आएका छन् । आठौं, जेन–जी हुन, जो सरकारबाहिर सडकमा छन् । आज सरकारी जेन–जीहरू आफ्ना मालिकले तोकेको काम गरिरहेका छन् जसले अस्तित्वगत संकटलाई बढाइरहेको छ । तर क्रान्तिकारी जेन–जीहरू सडकमार्फत सरकारलाई खबरदारी गरिरहेका छन् ।

हिजो संविधान जारी गर्न तम्सने शक्तिहरू नै आज संविधानको अपनत्व ग्रहण गर्न तयार छैनन् । यसरी देशका विभिन्न संकटहरूलाई धान्न सक्ने र देशभित्रका शक्तिहरू र बाहच शक्तिहरूले पनि भरोसा गर्न योग्य संस्थाको अभाव छ । ७० वर्षदेखि संघर्ष गरेका पार्टीहरू नेपाललाई रणनीतिक लक्ष्य दिन असफल भइसकेका छन् । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, संवैधानिक अंगहरू, सुरक्षा संयन्त्र, विश्वविद्यालय, सञ्चार संस्थाहरू, व्यापारिक समूह, नागरिक समाजलगायतका संस्थाहरूले विश्वसनीयता गुमाइसकेका छन् । तिनीहरू राजनीतिकरण, भ्रष्टाचार, विभिन्न आन्तरिक तथा बाहच स्वार्थ समूहहरूको पक्षधरता तथा स्वार्थ टकरावको चक्रव्यूहबाट बाहिर निस्कन सकेका छैनन् ।

आज शक्ति केन्द्रहरू राज्यका संस्थाहरूमाथि विश्वास गुमाउँदै कुनै निश्चित नेतासँग आफ्नो स्वार्थअनुकूल कार्यनीतिक सहकार्य विस्तार गरिरहेका छन् । यसको एक ज्वलन्त उदाहरण– चीनको ‘ग्लोबल सेक्युरिटी इनिसिएटिभ’ मा नेपालले आबद्ध नभएको स्पष्ट उल्लेख गर्दा पनि चीनले एकतर्फी रूपमा आबद्ध भएको दाबी गऱ्यो । यसैले भदौ २३ र २४ का लागि आधार तयार गऱ्यो । नेपालको अस्तित्वगत संकट समाधान गर्न अनुशासित शासक (गणतान्त्रिक शासक वर्गलाई अनुशासनमा राख्न सक्ने संस्था) र आन्तरिक तथा बाहच शक्तिले विश्वास गर्न सक्ने एक शक्तिशाली संस्थाको विकल्प छैन ।

## आर्थिक संकट

नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी) करिब ४५ विलियन डलरको सानो हुँदा पनि सन् २०२५ देखि निरन्तर दुईपटक वित्तीय निगरानी गर्ने एफएटिएफको ‘ग्रे लिस्ट’मा सुचीकृत छ । यसले नेपालको सम्पत्ति शुद्धीकरण तथा अवैध वित्तीय प्रवाह नियन्त्रण गर्न सक्ने रणनीतिक प्रणालीको सुधार भन्दा पनि ‘ब्ल्याक लिस्ट’मा पर्ने खतरा निम्त्याएको छ । ‘ग्रे लिस्ट’ भन्दा ठूलो संकट अमेरिका–इरान युद्धले निम्त्याउँदै छ । युद्ध जमिन अतिक्रमणतर्फ बढ्दै जाँदा मध्यपूर्वमा लामो अस्थिरता निम्तँदै छ । यसले रेमिटचान्समा निर्भर नेपालको अर्थतन्त्रमा गम्भीर असर पर्ने छ । युद्धले पर्सियन गल्फका स्ट्रिट अफ हर्मुज र रेड सी बन्द भएपश्चात तेल निकासी रोकेकोमात्र छैन, तेल प्रशोधन गर्ने ४० प्रतिशत संरचनाहरूमा क्षति पुगेको छ । युद्धले विश्व आर्थिक संकट निम्त्याउँदै छ । स्वदेशी उत्पादन ध्वस्त भएको, आयात र रेमिटचान्स निरभर अर्थतन्त्र तथा कर्मचारीको तलब धान्न ऋण लिनुपर्ने राज्यले विश्व आर्थिक संकटको कसरी सामना गर्ला त ?

४५ विलियनको जिडिपीलाई ६० हुँदै १०० विलियनको अस्वाभाविक कागजी वृद्धि घोषणा गर्न अग्रसर रास्वपा सरकारले देशलाई दीर्घकालीनरूपमा अस्तित्वगत संकटमा लैजाने निश्चित छ । बजेटको मूल स्रोत ऋण र अनुदानलाई उत्पादनशील पूर्वाधार, रोजगारी सिर्जना र राज्यको क्षमता निर्माणमा परिचालन नगरी पुरानै सत्ताधारीझै व्यक्तिगत स्वार्थ र आसेपासे पोस्न (क्रोनी) लागेका कारण यो संकट निश्चित भएको हो ।

## भूराजनीतिक संकट

शीत युद्धकालीन असंलग्नताको सिद्धान्तलाई नेपाली नेतृत्वले भारत, चीन र अमेरिकाविरुद्धको कार्डको रूपमा प्रयोग गरे । चीन र भारतलाई सन्तुलन गर्ने नाममा एकअर्काविरुद्ध कार्ड प्रयोगको हद पार गरे । यसैको परिणाम हो, सन् २०१८ मा भएको दुई देशबीचको ‘दुई जेड एक’ रणनीतिक सहमति । सहमतिपश्चात् लिपुलेक प्रकरणमा नेपालले नक्सा जारी गरेता पनि भारतले एकतर्फी कैलाश तीर्थमार्ग खोलिरहेको छ र चीनको मौन सहमति छ ।

भारत, चीन र अमेरिकाको असन्तुष्टिलाई विशिष्टरूपमा हेरिनुपर्छ । भारत जनयुद्धपश्चात्को शान्ति प्रक्रियाको मुख्य सरोकार पक्ष हो र ‘शान्ति र संविधान’को ढाँचाबाट समाधान गरेको थियो । तर, २०७२ मा संविधान जारी गर्दा भारतलाई पूरै किनाराकृत गरियो । काठमाडौंले भारतलाई किनाराकृत गरेको खुसी मनाउँदै गर्दा दिल्लीले संविधानलाई औपचारिकरूपमा स्वीकार गरेन । हिजो भारतविरुद्ध राष्ट्रवाद ओकल्ने र बेइजिङ कार्ड खेल्ने केपी ओलीदेखि वालेन्द्र शाहसम्मका काठमाडौंका शासक आज भारतको चाकडी गरिरहेको छन् ।

चीनलाई सन् १७९२ को वेत्रावती सन्धिले नेपालको बाबु स्वीकार गरेको छ । चीन आज विश्वको महाशक्ति भइसकेको छ र निकट भविष्यमा पहिलो शक्ति बन्दै छ । बेइजिङले नेकपा गठनदेखि सी विचारधारा विस्तार गर्न प्रयत्न गऱ्यो, तर नेपाली कम्युनिस्ट नेतृत्वहरू आपसी झगडा गरेर विश्वास गुमाए । चीन आज नेपालसँग पश्चिमीकरण (खिस्टिएकरण) र सिन्ज्याङ (भोट/तिब्बत) मार्फत घेराउ गर्ने पश्चिमा रणनीति असफल पार्न कार्यनीतिक सहकार्यमात्र गरिरहेको छ ।

बेलायत–नेपाल मैत्री सन्धि (सन् १९२३) पश्चात् नेपाल औपचारिकरूपमा उपनिवेशमुक्त भयो । बेलायतीले केरिदिएको सीमाभित्र रहेर निदाएको ड्रागनको बीचको ‘बफर राज्य’ बनाउन बेलायत र अमेरिकाले नेपालको अस्तित्व जोगाइदिएका हुन् । पश्चिमा शक्तिले सन् १९४० को दशकदेखि राष्ट्रिय योजना बनाउने तथा विकासका नाममा ऋण तथा सहयोग गर्दै आइरहेका छन् । तर पनि देश बनेन र लगानी लगभग बालुवामा पानी खन्याएसरी भएको छ । उनीहरूको ठम्याइ छ कि देश नबन्नुमा भ्रष्टाचार जिम्मेवार छ । यही भ्रष्टाचारको मुद्दा भदौ २३ र २४ गतेको जेन–जी आन्दोलन भयो तर नयाँ बनेको सरकारले देशलाई थप संकटतर्फ धकेलिरहेको छ ।

## संकटको निकास

अन्तर्राष्ट्रिय कानुन र प्रणालीले साना राज्यका लागि तुलनात्मकरूपमा सुरक्षित बनाएको छ । तर कानुनी सार्वभौमिकताले शक्ति–असमानता तथा आर्थिक दबाबलाई रोक्न सक्दैन । आज नेपालले परम्परागत सैनिक विजयमार्फत भन्दा पूर्वाधार, वित्त, प्रविधि र सूचनामाथिको नियन्त्रणमार्फत आफ्नो सार्वभौमिकता गुमाउँदै गइरहेको छ । आन्तरिकरूपमा हाम्रा बहुल जनताहरूको विविधता र अन्तरसम्बन्धहरूलाई द्वन्द्वात्मक विधिले विभाजन र अन्तरसंघर्षको रूपमा अर्थ्याइयो । द्वन्द्वात्मक विधिले संवैधानिक संकटको निकास असम्भव छ ।

बाहचरूपमा भारत, चीन र अमेरिकाजस्ता शक्ति राष्ट्रहरूसँग नेता वा दलविशेषको व्यक्तिगत सम्बन्ध राख्नाले संस्थागत सम्बन्ध कमजोर भयो । राष्ट्रिय स्वार्थ छाडेर छात्रवृत्तिको सूचीजस्ता व्यक्तिगत लाभ केन्द्रित सम्बन्ध बनाएका कारण शक्ति केन्द्रहरूले राज्यसँग कर्मचारी तहभन्दा माथिको सम्बन्ध विकास गर्न सकेन । नेपालले हरेक शक्तिसँग समान दूरी कायम गर्नु व्यावहारिकरूपमा सम्भव छैन । नेपालले स्पष्टरूपमा परिभाषित राष्ट्रिय हितका आधारमा भारतसँग ‘किन स्टेट’ (सहोदरी राज्य)को सम्बन्ध र बाँकीसँग पूर्वानुमानयोग्य र सन्तुलित निकटता कायम गर्नुपर्छ ।

अन्ततः नेपालको अस्तित्व बाहच शक्तिबीच कुनै आदर्श सन्तुलन खोज्नुभन्दा राष्ट्रिय हित केन्द्रित सम्बन्ध बनाउन आवश्यक छ । देशभित्र अनुशासित शासक र सक्षम संस्थाको विकास गर्दै संविधान सिर्जित समस्याको हललेमात्र देशको अस्तित्वगत संकट टार्न सकिन्छ ।

*(थारू राष्ट्रिय मुक्ति क्रान्तिका सहसंयोजक र तामाङ समान नेपालका प्रवक्ता हुन्)*





**पञ्चदान कार्यक्रम**

काठमाडौं महानगरपालिकाअन्तर्गत महाबुद्ध महाविहार शाक्य गुठीको आयोजनामा गुरू पूर्णिमाको दिन बुधबार जीवित देव, गणेश र भैरव विराजमान गराई स्वस्ति शान्ति र जनकल्याणको कामनार्थ महाबौद्ध मन्दिर परिसरमा आयोजना गरेको पञ्चदान कार्यक्रम। कार्यक्रममा विभिन्न टोलका आठ वटा दीपंकर बुद्धको प्रदर्शनी तथा पूजाआजा गरिएको थियो। *तस्बिरः रासस*

# नवनियुक्त मुख्यमन्त्री शाहीले लिए शपथ



**कर्णाली (प्रस)–** कर्णाली प्रदेशका नवनियुक्त मुख्यमन्त्री मंगलबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

कर्णाली प्रदेश प्रमुखको कार्यालय सुर्खेतद्वारा बुधबार वीरेन्द्रनगरमा आयोजित समारोहमा मुख्यमन्त्री शाहीले प्रदेश प्रमुख यज्ञराज जोशीसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् । प्रदेश प्रमुख जोशीले नेपालको संविधानको धारा १७२ बमोजिम मुख्यमन्त्री शाहीलाई पद तथा गोपनीयताको शपथ गराए ।

उक्त समारोहमा कर्णाली प्रदेशकी सभामुख नन्दा गुरुङ, पूर्वमुख्यमन्त्रीत्रय यामलाल कँडेल, जीवनबहादुर शाही, राजकुमार शर्मा, उपसभामुख यशोदा न्यौपाने, उच्च अदालत सुर्खेतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारी, प्रदेशसभाका सदस्यहरू, प्रमुख सचिव, प्रदेश सचिव तथा सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो । शाही नेकपा एमालेको समर्थनमा मंगलबार मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनले बुधबार नै पदभार ग्रहण गरेका छन् ।

# जब बिर्तामोडको आकाशमा उडे चन्द्रयान र रकेट

**भद्रपुर (झापा)–** विमानस्थलको धावनमार्गजस्तै गुञ्जायमान थियो विद्यालयको प्रांगण । आँखैअगाडि एकपछि अर्को गर्दै सररर उडेका हवाईजहाज, हेलिकप्टर, रकेट र चन्द्रयानको नमूना देखेर विद्यार्थीहरू एकाएक चकित परे । नहोस् पनि किन, किताबका पानामामात्र सीमित हुने विज्ञान र प्रविधिको संसार सोमबार बिर्तामोड-१ स्थित ग्रिन फिल्ड वर्ल्ड स्कुलको प्रांगणमा प्रत्यक्षरूपमा देख्न पाइएको थियो ।



अन्तर्राष्ट्रियस्तरमै प्रतिष्ठित भारतको एरोबे कम्पनीको प्राविधिक सहकार्यमा आयोजित सो विशेष हवाई प्रदर्शनीमा विद्यार्थीमात्र होइन, उपस्थित अभिभावक र स्थानीय पनि रोमाञ्चित बने । 'एरोबे रोबोटिक्स'को प्रयोगात्मक अभ्यासअन्तर्गत आयोजना गरिएको यो प्रदर्शनीले सबैलाई आधुनिक प्रविधिको कौतुहल र सम्भावनासँग प्रत्यक्ष साक्षात्कार गराएको थियो ।

आकाशमा रकेट र चन्द्रयान उडाउनु केवल एक दिनको रमाइलोमात्र थिएन, विद्यालयले आफ्ना विद्यार्थीलाई प्रविधिको भविष्यसँग स्थायीरूपमा जोड्ने आधार तयार पारेको छ । प्रदर्शनीसँगै विद्यालय परिसरमा करिब ४० लाख रूपैयाँको लगानीमा निर्मित 'एरोबे रोबोटिक्स एन्ड आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ल्याब' को औपचारिक उद्घाटन पनि गरियो ।

विद्यालयका संस्थापक अध्यक्ष एवं राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेत र पूर्ण टुंग बिर्तासिटी अस्पतालका वरिष्ठ फिजिसियन डा. शरद् भट्टराईले विशेष समारोहबीच उक्त आधुनिक प्रयोगशालाको उद्घाटन गरे । उद्घाटन समारोहलाई सम्बोधन गर्दै संस्थापक अध्यक्ष बस्नेतले आजको शिक्षा प्रणाली अब परम्परागत पाठ्यपुस्तकमा मात्र सीमित रहन नसक्ने स्पष्ट पारे ।

'भविष्यका चुनौतीसँग प्रतिस्पर्धा गर्न हाम्रा विद्यार्थीलाई सुरुदेखि नै सिर्जनशील, अनुसन्धानमुखी र प्रविधिमैत्री बनाउनु आजको आवश्यकता हो,' उनले भने, 'अबका विद्यार्थीले केवल अरूले बनाएको प्रविधि प्रयोग गर्नेमात्र होइन, आफैं नयाँ प्रविधिको सिर्जना गर्ने क्षमता विकास गर्नुपर्छ। यो ल्याब उनीहरूको कल्पनाशक्तिलाई व्यवहारमा उतार्ने थलो बन्ने छ ।'

सोही क्रममा डा. भट्टराईले आधुनिक शिक्षामा गरिएको यो दूरदर्शी लगानीले विद्यार्थीहरूको सिकाइ उपलब्धिमा गुणात्मक सुधार ल्याई भविष्यका चुनौतीहरूको सामना गर्न सक्षम बनाउने विश्वास व्यक्त गरे । विद्यालयले अन्तर राष्ट्रियस्तरको प्रविधिमैत्री शिक्षण वातावरण निर्माणमा देखाएको यो अग्रसरता प्रशंसनीय रहेको उनको भनाइ थियो ।

विद्यालयका कार्यकारी निर्देशक आनन्द बस्नेतका अनुसार ल्याबमार्फत विद्यार्थीहरूलाई विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षासँग प्रत्यक्ष जोड्दै अनुसन्धान र नवप्रवर्तनको क्षमता अभिवृद्धि गराइने छ । 'विश्वभर तीव्ररूपमा विकास भइरहेको रोबोटिक्स र एआईसम्बन्धी ज्ञान विद्यालय तहदेखि नै दिन पाउनु हाम्रा लागि गर्वको विषय हो,' उनले भने । विद्यालयका कोअर्डिनेटर बर्नाट लामाले प्रयोगशालामा विद्यार्थीले रोबोट निर्माण, प्रोग्रामिङ, कोडिङ, डिजाइन थिंकिङ र स्वचालन प्रविधिजस्ता व्यावहारिक सीप सहजरूपमा सिक्ने जानकारी दिए ।

विद्यालयकी सहायक प्रधानाध्यापक रोजीना कार्कीका अनुसार नेपालमा पहिलोपटक प्रतिष्ठित 'एरोबे कम्पनी' सँग सहकार्य गरेर यस प्रकारको आधुनिक ल्याब सञ्चालनमा ल्याइएको दाबी गरिन् । *रासस*

# क्यान्सर अस्पतालमा 'किमो' लगाउने बिरामीको चाप

चितवन- बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा शयचा र जनशक्तिको अभाव भएपछि क्यान्सरका कोषिका मार्ने महत्त्वपूर्ण औषधि किमो लगाउन बिरामीलाई पाँच दिनसम्म पालो पर्खनुपर्ने अवस्था आएको छ ।

अस्पतालमा दैनिक करिब ३०० बिरामी किमोका लागि सेवा लिन आउने भए पनि करिब २०० लाई मात्र केमो दिन सकिएको छ । १५० शयचा किमोका लागि छुटचाइएको छ । केही बिरामीलाई किमो दिएपछि छोटो समयमा घर पठाउन सकिने भएकाले त्यही शयचामा अर्को बिरामीलाई किमोदिने गरिएको छ ।

अस्पतालका मेडिकल अंकोलोजी विभागका प्रमुख डा. गुरुशरण साहका अनुसार तोकिएका समयमा नै किमो दिँदा प्रभावकारी हुन्छ । उनले भने, 'बिरामीको उच्च चापका कारण समयमा किमो दिन सकिएको छैन, यसले उपचारमा प्रभावकारिता घट्छ ।'

बिरामीले पाँच दिनसम्म पालो कुर्नुपरेको उनी बताउँछन् । उनले भने, 'प्रादेशिक अस्पतालहरूमा किमो दिने व्यवस्था गर्नुपर्छ, नभए यहाँको अस्पतालमा शयचा र जनशक्ति थप्नुपर्छ ।' बिरामीको चाप बढ्दै जाने र अस्पतालले शयचा र जनशक्ति नथप्दा चाहेर पनि आएका सबै बिरामीलाई किमो दिन नसकिएको उनी बताउँछन् । अस्पतालले केमो चढाएको एकपटकको ५०० रूपैयाँ शुल्क लिने गरेको छ । केमो खरिद अस्पतालको फार्मेसीमा छुट्टै गर्नुपर्छ । बिरामीको रोगको प्रकृति र औषधि उत्पादक कम्पनीअनुसार केमोको मूल्य १०० रूपैयाँदेखि लाखौंसम्म पर्ने उनको भनाइ छ ।

अस्पतालमा बिरामीलाई सामान्यतया दुई हप्ताको फरकमा १२ पटक र तीन हप्ताको फरकमा छपटकसम्म किमो दिने गरिन्छ। कतिपय बिरामीको तीन वर्षसम्म पनि किमो लगाउनुपर्ने हुन्छ । केमो लगाउनका लागि नेपालभर र भारतीय सीमा क्षेत्रबाट पनि यहाँ बिरामी आउने गर्दछन् । लामो समय पालो कुर्नु परेपछि यहाँ आएका बिरामी निजी अस्पतालमा जान बाध्य हुने गरेका छन् ।

चितवन मेडिकल कलेज (सिएमसी)को भगिनी संस्था सिएमसी क्यान्सर इन्स्टिच्युटले सरकारी क्यान्सर अस्पतालकै शुल्कमा किमोलगायतका क्यान्सर उपचार सेवा दिने गरेको छ। बाहिरी जिल्ला जानुभन्दा भरतपुर आएका बिरामी यस इन्स्टिच्युटमा जाने गरेका छन् । चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटाले अन्य अस्पतालमा लामो पालो कुर्नुपरेका बिरामीसमेत यस इन्स्टिच्युटमा आउने गरेको बताए । उनले भने, 'हामीले सरकारी अस्पतालको शुल्कमा सेवा प्रवाह गर्ने कुरा धेरैलाई थाहा नभएकाले थाहा पाउनेहरू आउनुभएको छ ।'

इन्स्टिच्युटले पछिल्लो समय बिरामीको संख्या बढ्दै गएको जनाएको छ । जिल्लाका केही निजी अस्पतालहरूले मापदण्ड पूरा नगरी किमो दिने गरेको गुनासो छ । केही बिरामी यहाँ सरकारीमा पालो नपाएपछि भारत, काठमाडौंलगायतका ठाउँमा समेत जाने गरेका बताइएको छ । *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०४/१४ गते**

यस कम्पनीको मिति २०८३/०४/०३ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भवानी ग्रुप सोलुसन प्रा.लि.**को नाम परिवर्तन गरी **भवानी ग्रुप रियल स्टेट प्रा.लि. (दर्ता नम्बर १७५३०१)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/०७ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/०१ मा दर्ता भएको **प्रा.लि. नं. १४२६५६/०७२/०७३** को **ट्रेडेला फुड कन्सर्न प्रा.लि.** को मिति २०८३/०४/१३ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Deep Jyoti Manpower Service Pvt Ltd.** (ई.प.नं.११३६/०७३/७४) मा तपसिलका कर्मचारीहरू कार्यरत रही आएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण देखाई राजीनामा दिनु भएको हुँदा आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएकोले निज व्यक्तिहरूसँग यस प्रा.लि. सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**तपसिल**

| S.N. | Name | Ctz No. | Post |
|---|---|---|---|
| 1. | Prakash Karki | 73986 | Labor Representative |
| 2. | Umesh Kumar Bhattari Sharma | 1351 | Admin Officer |
| 3. | Rita Raut | 20-01-71-03727 | Documentation Officer |
| 4. | Ambika Dhungana | 157291 | Kitchen Staff |
| 5. | Trilok Mani Lama | 1812 | Manager |
| 6. | Roshan Yadav | 183029/458 | Public Relation Officer |

LIC No. 1136/073/074
Deep Jyoti Manpower Service Pvt Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

## कुवेतमा रोजगार

कम्पनी : RAYOQ AL SAADA RESTAURANT COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०४/१३ — चलानी नं.: ६०२५८९३६ — LT.No.: 345737

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Light) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६९,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | KITCHEN HELPER | 13 | 0 | | 130 | ६४,६१७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ साउन २१ गते (6 August, 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## साउदीमा रोजगार

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.
पूर्व स्वीकृति मिति : २०८३/०४/१३ — LT. No. 345710 — चलानी नं. ६०२५८९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 20 | 0 | 1000 | ४०,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : Ali Mohammed Ahmed Al-Tariqi Contracting Establishment
पूर्व स्वीकृति मिति : २०८३/०४/१३ — LT. No. 345727 — चलानी नं. ६०२५८९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver Truck | 2 | 0 | 1800 | ७३,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## साउदीमा रोजगार

कम्पनी : AL- AHDAF AL THALATHIYA CO.
पूर्व स्वीकृति मिति : २०८३/०४/१३ — LT. No. 345747 — चलानी नं. ६०२५८९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 2 | 0 | 1000 | ४०,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com

## साउदीमा रोजगार

कम्पनी : AL-HADYAN PLASTIC PRODUCTS FACTORY
पूर्व स्वीकृति मिति : २०८३/०४/११ — LT. No. 345577 — चलानी नं. ६०२५८८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 1 | 0 | 1500 | ४१,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaner | 1 | 0 | 1000 | ४१,६२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Basundhara, Kathmandu; Tel: 01-5925496, Whatsapp No.: 9841607558 Chitra Bahadur Roka
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

## कुवेतमा रोजगार

कम्पनी : AL-SAIF UNITED FOR GENERAL TRADING & CONT.CO.
पूर्व स्वीकृति मिति : २०८१/१२/०९ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१३ — LT. No. 320855 — चलानी नं.६०२३४९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 175 | 0 | 95 | ४६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TURKI AL DABBOUS & SONS FOR BUILDING MATERIALS TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/०५/२६ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१३ — LT. No. 330865 — चलानी नं. ६०२४४६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 95 | ४६,७२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Driver /Driver | 50 | 0 | 150 | ७३,७७० | | | | | | | |
| 3 | Mechine Operator | 50 | 0 | 160 | ७८,६९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः झापा, इटहरी, जनकपुर र सिरहामा मितिः २०८३ साउन २८ देखि भदौ १ गते (13-17th Aug. 2026) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, Contact no. 9825962215
9801445266, 9815027328, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

# प्रभाव दैनिक

बिहिबार, १४ साउन २०८३ (Thursday, 30 July 2026)






### 'सिन्दुरे जात्रा'को छायांकन सकियो

चलचित्र 'सिन्दुरे जात्रा'को छायांकन औपचारिक रूपमा सकिएको छ । पहिलो र दोस्रो चरण गरी दुई भागमा बाँडेर गरिएको चलचित्रको छायांकन मंगलबार पूरा भएको हो । कुल ४० दिनको मेहेनतपछि छायांकन सम्पन्न भएको जानकारी निर्देशक सरोज पौडेलले दिएका छन् । यस चलचित्रको छायांकन गत जेठ १ गते पर्वत जिल्लाको कुस्मा नगरपालिकास्थित आर्थर डाँडाखर्कको रमणीय भूगोलबाट सुरु गरिएको थियो । 'सिन्दुरे जात्रा'मार्फत निर्देशक सरोज पौडेल र कलाकारद्वय विजय बराल तथा अञ्जना बराइलीले दोस्रो पटक सहकार्य गरेका हुन् ।



# सौगातको निर्देशनमा 'पञ्चमी' निर्माणको घोषणा






■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'पञ्चमी'को औपचारिक घोषणा गरिएको छ । लामो समयदेखि पर्दापछाडि रहेर नेपाली सिनेमालाई नजिकबाट बुझेका सौगात बस्नेतले यसै चलचित्रमार्फत निर्देशनमा डेब्यु गर्न लागेका हुन् ।

नेपाली चलचित्र क्षेत्रमा 'थ्रिलर' विधामा नयाँ आयाम थप्ने संकेत गर्दै चलचित्र 'पञ्चमी' को थिम पोस्टर सार्वजनिक औपचारिक घोषणा गरिएको हो ।

सौगातका लागि यो पहिलो निर्देशकीय प्रोजेक्ट भए पनि उनले दीपेन्द्र के. खनाल लगायतका निर्देशकसँग चिफ एडी र कार्यकारी निर्माताको भूमिकामा काम गरिसकेका छन् ।

सार्वजनिक गरिएको थिम पोस्टरमा पुरानो टाइपराइटरमा 'पञ्चमी' लेखिएको, माथि त्रिशूल र दुई नाग, शब्दलाई घेर्ने पाँचवटा घेरा, बाहिर नाग अंकित रहस्यमयी लकेट र सबैभन्दा माथि शुक्ल पक्षको अर्धचन्द्र । यी सबै संयोग नभई पात्रहरूसँग प्रत्यक्ष सम्बन्धित रहेको निर्देशकको भनाइ छ, जुन सिनेमा हेर्दा मात्र स्पष्ट हुनेछ ।

पोस्टरमा 'आई हेट हु एभर कमस् लेट' भन्ने लाइन छ, जसको सन्दर्भ अझै रहस्यमै छ । कुन सन्दर्भमा कसका लागि यो लाइन प्रयोग गरिएको हो भन्ने कुरा भने अझै रहस्यमै छ ।

यसबारे निर्देशक बस्नेतले भने, 'टाइटलमा जसरी हामीले डिजाइन गरेका छौँ, यो अहिले हेर्दा केही क्लिष्ट भए पनि सिनेमा हेर्दा सरल र सहज देखिनेछ । सिनेमासँग यो सबै रिलेट भएर आउनेछ । त्यतिबेला यो थिमको जस्टिफाइ हुनेछ । यो एक साइकोलोजिकल मिस्ट्री थ्रिलर हुनेछ ।'

'पञ्चमी' मौलिक कथा नभई एउटा उपन्यासको रूपान्तरण हो, तर निर्देशक बस्नेतले कुन उपन्यास र कुन लेखकको कृतिमा यो आधारित छ भन्ने कुरा अहिले खुलासा गरेका छैनन् । कलाकार, पटकथा लेखक वा प्राविधिक टिमबारे हाल केही जानकारी सार्वजनिक गरिएको छैन । आगामी दिनहरूमा बिस्तारै जानकारी सार्वजनिक हुँदै जाने र छिट्टै चलचित्रको झलक आउने निर्देशक बस्नेतले बताए ।

एकातिर रहस्यमयी पोस्टर र अर्कोतिर आफ्नो पहिलो निर्देशकीय प्रयासमै साइकोलोजिकल मिस्ट्री थ्रिलर जस्तो जोखिमपूर्ण विधा रोज्ने साहस । 'पञ्चमी'ले नेपाली चलचित्र उद्योगमा नयाँ किसिमको कुतूहल जन्माइदिएको छ । के हो त 'पञ्चमी' त्रिशूल, नाग, चन्द्रमा, पाँचवटा घेरा, र त्यो पुरानो टाइपराइटर, पोस्टरमा राखिएका ठ्याक्कै यी पाँचवटै तत्व के हुन् ? र किन ठ्याक्कै पाँचवटा मात्र ? के यिनको संख्यामै लुकेको छ शीर्षकको साँचो अर्थ ?

## रंगशाला

### काभा भलिबल

# बंगलादेशलाई हराउँदै पाकिस्तान बन्यो च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं**– दक्षिण एसियाली प्रतिद्वन्द्वी बंगलादेशलाई सोझो सेटमा हराउँदै घरेलु टोली पाकिस्तानले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) च्याम्पियनसिप २०२६ को उपाधि जितेको छ ।

बुधबार लियाकत व्यायामशालामा सम्पन्न फाइनलमा पाकिस्तानले बंगलादेशको चुनौती २५-२०, २५-१६ र २५-२० ले पन्छायो ।

फाइनलअघि तेस्रो स्थानको प्लेअफमा श्रीलंकाले उज्वेकिस्तानलाई ३-२ को सेटमा पराजित गर्यो । त्यस्तै मंगलबार सम्पन्न पाँचौं स्थानको प्लेअफमा काजकिस्तानले नेपाललाई सोझो सेटमा हराएको थियो ।



६ टोलीको सहभागिता रहेको प्रतियोगिता जुलाई २२ देखि २९ सम्म चल्यो । सिंगल राउन्ड रोबिन लिगपछि समूहका शीर्ष चार टोली सेमिफाइनल पुग्ने समीकरण थियो ।

फाइनल पुग्न शीर्ष टोलीले तेस्रो र दोस्रो हुनेले चौथो स्थानमा रहने टोलीसँग खेलेका थिए । त्यस्तै सेमिफाइनल समीकरणबाट बाहिरिएका टोलीले पाँचौं स्थानका लागि प्रतिस्पर्धा गरेका थिए । नेपालले प्रतियोगितामा एक खेल पनि जितेन ।

# आशिष राईको उपचारका लागि पेनाङ्मा अन्तर्राष्ट्रिय च्यारिटी म्याच आयोजना हुँदै

■ प्रभाव संवाददाता

**पेनाङ**– उमेर समूहमा नेपालको प्रतिनिधित्व गरेका युवा फुटबलर आशिष राईको उपचारका लागि आर्थिक सहयोग जुटाउने उद्देश्यले मलेसियामा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल प्रतियोगिता आयोजना हुने भएको छ । आशिषको सहयोगका लागि यही अगस्ट २, आइतबार पेनाङ्मा एन पेनाङ एफसी (मलेसिया) र नेपबोर्न एफसी (अस्ट्रेलिया)बीच विशेष खेल हुन लागेको हो ।

एन पेनाङ एफसीका अध्यक्ष अंकित थापाका अनुसार खेलकुदमार्फत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभियानअन्तर्गत च्यारिटी म्याचको आयोजना गर्न लागिएको हो । खेलबाट संकलन हुने सम्पूर्ण सहयोग हाल उपचाररत रहेका आशिषलाई हस्तान्तरण गरिने थापाले बताए ।



'यो केवल दुई क्लबबीचको खेल मात्र नभई अफठ्यारो स्थितिमा रहेका हाम्रा होनहार राष्ट्रिय खेलाडीलाई सहयोग गर्ने अभियान हो,' अध्यक्ष थापाले भने । आयोजक क्लबले मलेसियामा रहेका सम्पूर्ण नेपाली समुदाय, खेलप्रेमी, शुभचिन्तक तथा तथा सहयोगी मनहरूलाई खेल मैदानमा उपस्थित भइ आशिषको उपचार अभियानमा साथ दिन अपिल पनि गरेको छ ।

खेलकुदमार्फत सामािजक सेवामा निरन्तर सक्रिय रहँदै आएको एन पेनाङले आगामी दिनहरूमा पनि यस्ता सहयोग कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । नेपाल यु-२३ र चीनको युनान प्रान्तीय टिमबीचको मैत्रीपूर्ण खेलमा आशिष घाइते भएका थिए । त्यसपछि बायाँ खुट्टाको जटिल चोटको शल्यक्रिया गराएका आशिष हाल थाइल्यान्डमा रिहाबिलिटेसन प्रक्रियामा छन् ।

## ७ (सात) दिने धितो लिलामीको सूचना

**प्रकाशित मिति: २०८३/०४/१४ (तेस्रो पटक)**

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि. का तपसिलमा उल्लेखित तपाईले कर्जा उपभोग गर्दै आउनु भएकोमा कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीलाई पटक-पटक मौखिक तथा लिखितरुपमा ७ (सात),१५ (पन्ध्र) तथा ३५ (पैतिस) दिने सूचना दिई तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता गर्न कुनैचासो नदेखाई वेवास्ता गरेकोले धितो लिलामीको तेस्रो पटक (सात) दिने सूचना प्रकाशित गरिएको छ । तेस्रो पटक सूचना प्रकाशित भएको ७ (सात) दिनभित्र ऋणी संस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा व्याज, हर्जाना तथा अन्य दै-दस्तुर (धितो लिलाम प्रकृयामा भएका सबै खर्चहरु) चुक्ता-भुक्तान गरेमा सो धितो लिलामीको प्रकृया नै स्थगित गर्नसकिनेछ । तोकिएको म्यादभित्र पनि ऋणकर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नेपाल कानून बमोजिम संस्थाले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्धारा आह्वान गरिन्छ । धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्था आफैले सो धितो लिलाम सकार गर्नेछ । लिलाम सकारबाट सँस्थाको लेना रकम अपुग भएमा ऋणीको अन्य धितो तथा तिनपुस्तेबाट समेत उठाई लिने व्यहोरा जानकारी गराईन्छ
धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १) प्रतिशत रकम नगदै धरौटी स्वरुप सोहि दिन सँस्थामा जम्मा गर्नुपर्नेछ । कबोल रकमको बाँकी रकम ७ (सात) दिन भित्र जम्मा गरिसक्नुपर्नेछ । तोकिएको म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरुप राखेको रकम जफत गरिनेछ । तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राखि लिन सकिनेछ ।

**तपसिल**

| ऋणीको विवरण | लाम हुने जग्गाको विवरण | ऋणीको फोटो |
|---|---|---|
| ऋणीको नामः लक्ष्मी कार्की<br>बाबुको नामः नरेन्द्र बहादुर कार्की<br>बाजेको नामः तिलक ब. कार्की<br>ठेगानाः उदयपुर जिल्ला, साविक तपेश्वरी गा. वि.स. वार्ड नं. ९ आमबासी, (परिवर्तित ठेगना बेलका न. पा. वडा न. ०१)<br>हाल ठेगानाः काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ५ (पहेंलोपुल)<br>ना.प्र.नं. २८४८६/४०४४, जारी मिति २०५२/०१;१३<br>जारी स्थानः जिल्ला प्रशासन कार्यालय, उदयपुर | धितोको विवरण (लक्ष्मी कार्कीको नाममा रहेको उदयपुर जिल्ला, साविक तपेश्वरी गा.वि.स. वडा नं. ९, परिवर्तित बेलका न.पा. वडा न. १ को नक्सा सिट नं. एक कि।नं. १५३१ को क्षे.फ. ०-०-७-० (बिघा) र १५३३ को क्षे.फ. ०-०-८.२५ (बिघा) जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत । | <br>लक्ष्मी कार्की |

**श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.**
**पिंगलास्थान, गौशाला, काठमाण्डौ ।**
ोन नं. ०१-४५८३२४५ e-mailM Shreeyantrasaccos@gmail.com

## युएइ/साउदीमा रोजगार

कम्पनी : AURA GENERAL CONTRACTING LLC — शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८२/०१/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/04/१३ | LT. No. 322405 | चलानी नं. ६०२३६४६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Labour (building Projects) | 1 | 0 | 1000 | ४१,६२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2 | Mason / Brick Mason Assistant | 37 | 0 | 1000 | ४१,६२० | | | | | | | |

कम्पनी : MOHAMMED ALI BIN MAHBOOB AL AZIZ COMPANY — शेवा शुल्क: १0,000
पूर्व स्वीकृति मिति : २०८३/04/११ | LT. No. 345524 | चलानी नं. ६०२५८९२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Labor (Loading/Unloading) | 1 | 0 | 1200 | ४८,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार

कम्पनी : Mohammed Saleh Al-zahrani Company
पूर्व स्वीकृति मिति : २०८३/04/१३ | LT. No. 345705 | चलानी नं. ६०२५८९९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 5 | 0 | 1000 | ४०,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mohammed Saleh Al-zahrani Company
पूर्व स्वीकृति मिति : २०८३/04/१३ | LT. No. 345706 | चलानी नं. ६०२५८९९६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 5 | 0 | 1000 | ४०,६९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

## कतारमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : TEYSEER SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/04/१३ | LT. No. 345715 | चलानी नं. ६०२५८९५८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Administration Clerk | 2 | 0 | 2100 | ८८,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Asst. Chef Cook | 12 | 0 | 1500 | ६२,९१० | | | | | | | |
| 3 | Drivers | 5 | 0 | 1700 | ७१,३०० | | | | | | | |
| 4 | Food Technicians | 3 | 0 | 1100 | ४६,१३५ | | | | | | | |
| 5 | Service Agents | 15 | 2 | 2100 | ८८,०७५ | | | | | | | |
| 6 | Supervisor / General | 3 | 0 | 2500 | १०४,८५५ | | | | | | | |
| 7 | Waiter | 6 | 2 | 1500 | ६२,९१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६/२७/२८ गते (11/12/13th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## जापानमा रोजगार

कम्पनी : Asia Technical Skill Talented People Interchange Association
पूर्व स्वीकृति मिति : २०८३/04/0८ | LT. No. 345052 | चलानी नं. ६०२५८९३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | YEN | ने.रू. | | | | | | | |
| 1 | Female Caregiver | 0 | 12 | 164090 | १,५३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २१ गते (6th Aug. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 1544/078/079
**TIRUPATI H.R. SOLUTION (P) LTD**
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np

# जापानमा शक्तिशाली भूकम्प: १३ जनाको मृत्यु



**कुमामोतो (जापान)–** जापानको दक्षिणपश्चिमी क्युसु टापुको कुमामोतो प्रान्तमा मंगलबार आएको शक्तिशाली भूकम्पमा परी कम्तीमा १३ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । भूकम्पका कारण सपिङ मल, औद्योगिक प्रतिष्ठान, सडक, पुल तथा ऐतिहासिक संरचनामा व्यापक क्षति पुगेको छ । हजारौं घरमा विद्युत् सेवा अवरुद्ध भएको छ भने उद्धार तथा राहत कार्य तीव्र रूपमा जारी रहेको अधिकारीहरूले बुधबार जानकारी दिएका छन् ।

स्थानीय समयअनुसार मंगलबार अपराह्न ४:२७ बजे आएको भूकम्प जापानको सिन्डो स्केलमा उच्चस्तरमा मापन गरिएको थियो । अमेरिकी भूगर्भ सर्वेक्षण (युएसजिएस)ले यसको तीव्रता ६.८ म्याग्निच्युड र केन्द्रबिन्दुको गहिराइ १० किलोमिटर रहेको जनाएको छ भने जापानी अधिकारीहरूले यसलाई ७.१ म्याग्निच्युडको भूकम्प बताएका छन् ।

जापानका सम्बन्धित अधिकारीहरूले मृत्यु हुने सबै व्यक्तिको मृत्यु प्रत्यक्षरूपमा भूकम्पकै कारण भएको हो वा होइन भन्ने विषयमा अझै पुष्टि भइरहेको बताएका छन् । प्रारम्भिक विवरणअनुसार सात जना गम्भीर घाइते भएका छन् भने अन्य घाइतेहरूको उपचार भइरहेको छ ।

सबैभन्दा ठूलो क्षति कासिमा सहरस्थित एउटा सपिङ मलमा भएको छ । सरकारी स्रोतका अनुसार भूकम्पपछि ग्यास विष्फोट हुँदा भवनको छाना र पर्खाल भत्किएका थिए । मल सञ्चालक कम्पनी एओनका प्रवक्ताले ग्राहक र कर्मचारीलाई सुरक्षितरूपमा बाहिर निकालिएपछि विष्फोट भएको जानकारी दिए ।

स्थानीय प्रशासनका अनुसार मलबाट आठ जनाको उद्धार गरिएको छ । तीमध्ये पाँच जना घाइते भएका छन् । प्रारम्भिक अनुमानमा २० देखि ३० जना भवनभित्र फसेको आशंका गरिएको भए पनि प्रहरीले वास्तविक संख्या त्योभन्दा कम रहेको जनाएको छ । भवनभित्र अझै केही कर्मचारी फसेको पुष्टि भए पनि उद्धार टोलीले सुरक्षित प्रवेश मार्ग बनाउन नसकेकाले उद्धार कार्य चुनौतीपूर्ण बनेको छ ।

यात्सुशिरोस्थित निप्पोन पेपर इन्डस्ट्रिजको कारखानामा पनि ठूलो क्षति पुगेको छ । कारखानाको धुवाँ निकाल्ने संरचनाको एक भाग भत्किएको छ भने स्थानीय सरकारले त्यहाँ कार्यरत नौ जनाको अवस्थाबारे यो समाचार तयार पार्दासम्म जानकारी प्राप्त हुन नसकेको जनाएको छ ।

भूकम्पका कारण कुमामोतो क्षेत्रमा आगलागी, भवन भत्किने, सडक चर्किने, पुलमा क्षति पुग्ने तथा मालवाहक रेल पल्टिने घटना भएका छन् । एउटा पैदल यात्रु पुलको एक भाग भत्किएर नदीमा खसेको अधिकारीहरूले बताएका छन् । कुमामोतो विमानस्थल केही घण्टा बन्द गरिएपछि पुन: सञ्चालनमा ल्याइएको छ भने सिंकानसेन उच्चगतिको रेल सेवा अस्थायीरूपमा स्थगित गरिएको थियो । धेरै सडक अझै बन्द छन् ।

बुधबार बिहानसम्म कुमामोतो क्षेत्रमा ३६ हजार ८८० घर तथा अन्य संरचनामा विद्युत् आपूर्ति अवरुद्ध रहेको छ । जापानी रक्षा मन्त्रालयले विपद् व्यवस्थापन तथा उद्धार कार्यका लागि तीन हजार ६०० सैनिक परिचालन गरेको छ । क्षतिको हवाई मूल्यांकन गर्न २० वटा सैन्य विमानसमेत परिचालन गरिएको मन्त्रालयले जनाएको छ ।

भूकम्पका बेला कुमामोतोस्थित कार्यालयमा कार्यरत ३५ वर्षीया चिहारू हाराले कार्यालय निकै तीव्र रूपमा हल्लिँदा भवन नै ढल्ने हो कि भन्ने डर लागेको बताइन् । उनका अनुसार कार्यालयमा रहेका सबै कर्मचारी त्रसित बनेका थिए ।

एएफपीले प्रमाणित गरेको भिडियोमा सडकमा गुडिरहेका भारी सवारीसाधन, ट्राफिक बत्ती र सडकबत्ती तीव्ररूपमा हल्लिएको देखिएको थियो । कतिपय स्थानमा सडक चर्किएका कारण सवारीसाधन सावधानीपूर्वक सञ्चालन गरिएको थियो । सुरक्षा क्यामराका दृश्यमा ऐतिहासिक कुमामोतो महलको पर्खालका केही भाग पनि भत्किएको देखिएको छ ।

प्रशान्त महासागरको 'रिङ अफ फायर' क्षेत्रमा अवस्थित जापान विश्वकै सबैभन्दा बढी भूकम्प आउने मुलुकमध्ये एक हो । चार प्रमुख टेक्टोनिक प्लेटको संगमस्थलमा रहेको यस देशमा हरेक वर्ष सयौं भूकम्प जाने गर्छन् । विश्वभर हुने करिब १८ प्रतिशत भूकम्प जापान वरपरकै क्षेत्रमा आउने वैज्ञानिकहरूको तथ्यांक छ ।

सन् २०११ मा जापानमा आएको ९.० म्याग्निच्युडको विनाशकारी भूकम्प र त्यसपछि आएको सुनामीमा करिब १८ हजार ५०० जनाको ज्यान गएको थियो । उक्त विपद्ले फुकुसिमा आणविक विद्युत् केन्द्रमा गम्भीर दुर्घटना निम्त्याएको थियो । *रासस/एएफपी*



**दक्षिणपश्चिम चीनको युनान प्रान्तको लिनकाङस्थित फेङकिङ काउन्टीको सियाओवान सहरस्थित जिन्सिउ गाउँमा जातीय पोसाकमा सजिएका महिलाहरू ।** *तस्बिर: सिन्ह्वा*

# दुरोभविरुद्ध रुसको आतंकवाद अभियोग

**मस्को–** रुसको संघीय सुरक्षा सेवा (एफएसबी)ले मेसेजिङ एप टेलिग्रामका संस्थापक पावेल दुरोभमाथि आतंकवादलाई सहयोग गरेको आरोप लगाउँदै उनलाई अन्तर्राष्ट्रिय वाञ्छित सूचीमा राखेको घोषणा गरेको छ । यो कदमलाई टेलिग्राममाथि रुसले लगाएको प्रतिबन्ध र इन्टरनेटमाथि सरकारी नियन्त्रण कडा बनाउने अभियानकै निरन्तरता मानिएको छ ।

एफएसबीले जारी गरेको विज्ञप्तिअनुसार टेलिग्राम प्रशासनले युक्रेनी गुप्तचर निकाय, आतंकवादी तथा चरमपन्थी समूहले प्रयोग गरिरहेका विभिन्न च्यानल, च्याट र बोट हटाउन असफल भएको आरोप लगाइएको छ । ती माध्यमहरू रुसभित्र तोडफोड, आतंकवादी गतिविधि, सामूहिक हत्या तथा साइबर ठगीका योजना बनाउन र समन्वय गर्न प्रयोग भएको तथा त्यसबाट मानवीय क्षति पुगेको एफएसबीको दाबी छ ।

रुसमा जन्मिएर व्यावसायिक यात्रा सुरु गरेका दुरोभ हाल विदेशमा बस्दै आएका छन् । यस वर्षको सुरुमै उनले रुसी अधिकारीहरूले आफूविरुद्ध आपराधिक अनुसन्धान थालेको जानकारी दिँदै त्यसलाई गोपनीयता र अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने प्रयासको हिस्सा भएको आरोप लगाएका थिए ।

राष्ट्रपति भ्लादिमिर पुटिनको नेतृत्वमा रुसले पछिल्ला वर्षहरूमा इन्टरनेटमाथिको नियन्त्रण उल्लेखनीयरूपमा कडा बनाएको छ । विशेषगरी सन् २०२२ मा युक्रेनमाथि पूर्ण आक्रमण सुरु गरेपछि सामाजिक सञ्जाल र सञ्चारमाध्यममाथि थप कडाइ गरिएको छ । त्यस क्रममा फेसबुक, इन्स्टाग्राम, एक्स, सिग्नल, भाइबर, युटचुब, ह्वाट्सएप र टेलिग्रामजस्ता लोकप्रिय डिजिटल प्लेटफर्ममाथि विभिन्न प्रकारका प्रतिबन्ध वा पहुँच नियन्त्रण लागू गरिएको छ । यद्यपि, केही प्रयोगकर्ताले भर्चुअल प्राइभेट नेटवर्क (भिपिएन) प्रयोग गरेर ती प्रतिबन्ध छल्ने प्रयास गर्दै आएका छन् ।

यसैबीच, रुसले 'म्याक्स' नामक राष्ट्रिय सन्देश एपलाई सक्रियरूपमा प्रवर्द्धन गरिरहेको छ । आलोचकहरूले उक्त एप प्रयोगकर्तामाथि निगरानी बढाउन प्रयोग हुन सक्ने आशंका व्यक्त गरेका छन् । विकासकर्ता र सरकारी अधिकारीहरूले भने यसलाई सन्देश आदानप्रदान, सरकारी सेवा र भुक्तानीलगायत सुविधा समेटिएको एकीकृत डिजिटल प्लेटफर्मका रूपमा प्रस्तुत गरेका छन् । उक्त एपले आवश्यक पर्दा प्रयोगकर्ताको विवरण सरकारी निकायलाई उपलब्ध गराउने जनाएको छ भने यसमा अन्तदेखि अन्तसम्मको इन्क्रिप्सन सुविधा नरहेको विज्ञहरूको भनाइ छ ।

दुरोभले अन्य देशमा पनि कानुनी अनुसन्धानको सामना गरिरहेका छन् । सन् २०२४ मा टेलिग्राम लागुऔषध तस्करी र बाल यौन दुर्व्यवहारसम्बन्धी सामग्रीको वितरणजस्ता गैरकानुनी गतिविधिमा प्रयोग भएको आरोपमा उनलाई फ्रान्सको राजधानी पेरिसमा पक्राउ गरिएको थियो । *रासस/एपी*

# स्वदेश फर्किने हसिनाको घोषणा



**नयाँदिल्ली–** बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले आफ्नो ज्यान जोखिममा पर्न सक्ने, पक्राउ पर्ने वा जेल जानुपर्ने सम्भावना रहे पनि यही वर्षको डिसेम्बरसम्म स्वदेश फर्किने दृढ अडान व्यक्त गरेकी छन् । भारतमा निर्वासनमा रहँदै आएकी उनले आफूलाई बंगलादेश फर्किन जनताले निरन्तर आग्रह गरिरहेको बताएकी छन् ।

एएफपीसँग इमेलमार्फतको अन्तर्वार्तामा ७८ वर्षीया हसिनाले आफ्नो भविष्यबारे पूर्णरूपमा जानकार रहेको उल्लेख गर्दै त्यसका बाबजुद मातृभूमि फर्किने निर्णयबाट पछि नहट्ने बताइन् । उनले आफ्नो ज्यान जान सक्ने, पक्राउ पर्न सक्ने वा जेल सजाय भोग्नुपर्ने अवस्था आउन सक्ने भए पनि त्यसका लागि आफू तयार रहेको धारणा व्यक्त गरिन् ।

विद्यार्थी नेतृत्वको आन्दोलनका कारण सन् २०२४ को अगस्टमा उनको १५ वर्ष लामो शासन अन्त्य भएपछि भीडले प्रधानमन्त्री निवास घेरेको थियो । त्यसपछि उनी हेलिकप्टरमार्फत भारत आएकी थिइन् । संयुक्त राष्ट्रसंघका अनुसार आन्दोलन दबाउन गरिएको सरकारी कारबाहीमा करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

गत नोभेम्बरमा ढाकास्थित एक अदालतले मानवताविरुद्धको अपराधसम्बन्धी मुद्दामा हसिनालाई दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो । हसिनाले उक्त निर्णयलाई कानुनको आवरणमा गरिएको राजनीतिक प्रतिशोधको संज्ञा दिएकी छन् ।

भारतमा गोप्य स्थानमा बसोबास गरिरहेकी हसिनाले आफूलाई स्वदेश फर्किन कुनै बाह्य दबाब नभएको बताइन् । उनका अनुसार ढाकाले भारतसँग आफ्नो सुपुर्दगी माग गरे पनि आफ्नो स्वदेश फर्कने निर्णय त्यससँग सम्बन्धित छैन । भारतीय अधिकारीहरूले प्रत्यर्पणबारे आफूसँग कुनै छलफल नगरेको र भारतमा सम्मानपूर्वक बसिरहेको उनले उल्लेख गरिन् ।

हसिनाको बहिर्गमनपछि बनेको अन्तरिम प्रशासनका कारण केही समय चिसिएको भारत-बंगलादेश सम्बन्ध फेब्रुअरीमा तारिक रहमान प्रधानमन्त्री बनेपछि क्रमश: स्थिर हुँदै गएको बताइएको छ । मानवअधिकार संगठनहरूले हसिनाको शासनकालमा विपक्षीमाथि दमन, गैरन्यायिक हत्या, राजनीतिक हस्तक्षेप तथा विवादास्पद निर्वाचन गराएको आरोप लगाउँदै आएका छन् । तर हसिनाले ती आरोपलाई राजनीतिक उद्देश्यले सिर्जना गरिएको अभियानको संज्ञा दिँदै प्रत्येक आरोपपछि अनुसन्धान गरिएको र दोषीमाथि कानुनी कारबाही भएको दाबी गरिन् ।

उनले विद्यार्थी आन्दोलन दमनका क्रममा अत्यधिक बल प्रयोग गरिएको आरोप पनि अस्वीकार गरिन् । आफ्नो सरकारले धैर्यका साथ आन्दोलनलाई शान्तिपूर्ण समाधानतर्फ लैजान प्रयास गरेको दाबी गर्दै उनले उक्त आन्दोलन सामान्य विद्यार्थी प्रदर्शनमात्र नभई योजनाबद्ध राजनीतिक अभियान भएको आरोप लगाइन् ।

भारतमा हालै विद्यार्थी नेतृत्वमा भएका विरोध प्रदर्शनबारे टिप्पणी गर्न उनले अस्वीकार गरिन् । साथै, बंगलादेशमा प्रभावकारीरूपमा प्रतिबन्धमा परेको आफ्नो अवामी लिग पार्टीमार्फत स्वदेश फर्किएपछि पुन: सक्रिय राजनीति गर्ने वा नगर्नेबारे पनि स्पष्ट जवाफ दिइनन् ।

उनले आफ्नो लक्ष्य सत्ताप्राप्ति नभई जनताको सेवा रहेको बताइन् । आन्दोलनका क्रममा ज्यान गुमाएका सबै परिवारप्रति सहानुभूति रहेको उल्लेख गरे पनि उनले माफी माग्न अस्वीकार गरिन् । आन्दोलनका क्रममा सरकारले लिएका निर्णयप्रति पछुतो लागेको हो वा होइन भन्ने प्रश्नमा उनले राज्यका निर्णय कुनै एक व्यक्तिलेमात्रै नगर्ने भएकाले सम्पूर्ण परिस्थितिलाई अलग गरेर मूल्यांकन गर्न नमिल्ने प्रतिक्रिया दिइन् । *रासस/एएफपी*

# युवा आन्दोलनले मोदी सरकारलाई दबाब



**बेंगलुरु (भारत)–** परीक्षा अनियमितता र रोजगारीका अवसरप्रतिको असन्तुष्टिलाई लिएर भारतभर फैलिएको युवा नेतृत्वको आन्दोलनले प्रधानमन्त्री नरेन्द्र मोदी सरकारलाई दुर्लभरूपमा पछि हट्न बाध्य बनाएको छ । विश्लेषकहरूले यसलाई एक दशकभन्दा बढी समयदेखि निर्माण गरिएको मोदीको अटल राजनीतिक छविमाथिको सबैभन्दा ठूलो चुनौतीका रूपमा व्याख्या गरेका छन् ।

गत साता कक्रोच जनता पार्टी (सिजेपी) नामक अनलाइन अभियानबाट सुरु भएको आन्दोलन नयाँदिल्लीबाट देशका विभिन्न सहरमा फैलिएको थियो । बढ्दो दबाबपछि शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिएका थिए भने सरकारले आन्दोलनका क्रममा पक्राउ परेका प्रदर्शनकारीविरुद्ध मुद्दा नचलाउनेलगायत केही माग सम्बोधन गर्न सहमति जनाएको छ ।

विश्लेषकहरूका अनुसार सन् २०१४ मा प्रधानमन्त्री बनेयता सार्वजनिक दबाबका कारण सरकारलाई यसरी पछि हट्नुपरेको घटना विरलै देखिएको छ । आगामी वर्ष हुने महत्त्वपूर्ण राज्य निर्वाचनअघि आएको यो घटनाले प्रधानमन्त्री मोदीको राजनीतिक प्रभावमा प्रश्न उठाएको उनीहरूको भनाइ छ ।

प्रधानमन्त्री मोदीका जीवनीकार तथा राजनीतिक विश्लेषक निलाञ्जन मुखोपाध्यायले शिक्षामन्त्रीको राजीनामालाई अप्रत्याशित घटनाका रूपमा चित्रण गर्दै यसले 'ब्रान्ड मोदी' लाई विगत २५ वर्षयताकै सबैभन्दा ठूलो धक्का दिएको बताए । उनका अनुसार मोदीको राजनीतिक शैली सामान्यत: दबाबमा पछि नहट्ने खालको रहँदै आएको छ ।

सरकारले सुरुमा आन्दोलन नियन्त्रणमा आउने विश्वास व्यक्त गरेको थियो । तर जुलाई २० मा संसद्तर्फ अघि बढिरहेका प्रदर्शनकारीमाथि प्रहरीले बल प्रयोग गरेपछि आन्दोलन थप फैलिएको विश्लेषकहरूको भनाइ छ । त्यसपछि परीक्षा प्रश्नपत्र चुहावटको विषय युवाहरूको व्यापक असन्तुष्टि र भविष्यप्रतिको चिन्तासँग जोडिएको आन्दोलनमा परिणत भएको थियो ।

प्रदर्शनमा विपक्षी दल, नागरिक समाज र विभिन्न समूहले पनि समर्थन जनाएका थिए । प्रहरी कारबाहीका दृश्य सामाजिक सञ्जालमार्फत तीव्र रूपमा फैलिँदा सरकारमाथिको दबाब अझ बढेको विश्लेषकहरूको निष्कर्ष छ । उनीहरूका अनुसार यस आन्दोलनले युवाहरूमा सरकारविरुद्ध खुलेर आवाज उठाउन सकिने विश्वास बढाएको छ ।

यद्यपि सरकारले कानुनी सुधार, परीक्षा प्रणालीलाई थप विश्वसनीय बनाउने तथा प्रश्नपत्र चुहावटमा संलग्नमाथि कडा कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्दै परिस्थिति सामान्य बनाउन प्रयास गरिरहेको छ । पञ्जाब, गुजरात र उत्तर प्रदेशमा हुन लागेको निर्वाचनअघि यो घटनाले सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई राजनीतिकरूपमा असहज बनाएको विश्लेषकहरूको भनाइ छ ।

यस आन्दोलनले सामाजिक सञ्जालमा पनि सरकारलाई चुनौती दिएको छ । मिशिगन विश्वविद्यालयका प्राध्यापक जोयोजित पालका अनुसार डिजिटल माध्यमको बदलिँदो स्वरूपलाई सरकारले पर्याप्त रूपमा बुझ्न नसक्दा आन्दोलनले व्यापक समर्थन पाएको हो । उनका अनुसार सामाजिक सञ्जाल अहिले भारतका साना सहरसम्म विस्तार भइसकेको छ र युवामाझ असन्तुष्टि व्यक्त गर्ने सबैभन्दा प्रभावकारी माध्यम बनेको छ ।

प्रधानमन्त्री मोदीले पनि सामाजिक सञ्जालमार्फत परीक्षा प्रश्नपत्र चुहावटमा संलग्नमाथि कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै नयाँ शैलीका भिडियो सार्वजनिक गरेका थिए । तर ती भिडियोसमेत सामाजिक सञ्जालमा आलोचना र व्यंग्यको विषय बनेका छन् । विश्लेषकहरूका अनुसार भारतमा सरकारको आलोचना गर्ने सार्वजनिक ठाउँ सीमित बन्दै गएका बेला सामाजिक सञ्जाल असन्तुष्टि अभिव्यक्त गर्ने प्रमुख माध्यमका रूपमा स्थापित हुँदै गएको छ । *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २८३२०० | प्रति तोला – ० | प्रति तोला – ४३२० |



दिक्तेल बजार | खोटाङको मझुवागढी क्षेत्रबाट देखिएको दिक्तेल बजार र वरिपरिको दृश्य । खोटाङको हलेसीमा आन्तरिक पर्यटकको आगमन बढेसँगै दिक्तेलमा पनि भिडभाड बढ्ने गर्दछ । *तस्बिरः वासुदेव पौडेल/रासस*

# ढुक्क भएर लगानी विस्तार गर्न व्यवसायीलाई आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ढुक्क भएर लगानी विस्तार गर्न उद्योगी व्यवसायीलाई आग्रह गरेका छन् । अर्थ मन्त्रालयले सुरु गरेको बजेट कार्यान्वयनको छलफल शृंखलाको पहिलो सत्रमा सहभागी तीन दर्जनभन्दा बढी उद्योगी व्यवसायीलाई मन्त्री वाग्ले सरकार व्यवसायीको पक्षमा सहज वातावरण बनाउन तयार रहेको बताए ।

सरकारले निजी क्षेत्रको फैलावटका लागि सबैखाले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले लगानी विस्तार, रोजगारी सिर्जना र देशमै केही हुन्छ भन्ने वातावरण सिर्जना गर्न आग्रह गरे । सरकारले लगानीको सुरक्षा गर्नेमा ढुक्क रहन पनि उनले उद्योगी–व्यवसायीलाई अनुरोध गरे ।

'तपाईंहरू ढुक्क भएर लगानी विस्तार गर्नुहोस्, रोजगारी सिर्जना गर्नुहोस्, राज्यले के–के गर्नुपर्ने हो हामीलाई निर्धक्क भएर भन्नुहोस्,' अर्थमन्त्री वाग्लेले भने, 'कानुनी, व्यावहारिक सबै अप्ठ्यारोमा सरकार तपाईंहरूसँगै छ । तपाईंहरूको लगानीको सुरक्षाको जिम्मेवारी सरकारको भयो ।'

सरकारको रु २१ खर्ब २४ अर्बको बजेटले रु ६६ खर्बको अर्थतन्त्र चलायमान गराउनुपर्ने र त्यसको ड्राइभिङ सिटमा निजी क्षेत्र नै रहेको उनको भनाइ छ ।

बजेटमा निजी क्षेत्रलाई खुला भएर लगानी गरी अघि बढ्न यथेष्ट सुधारका प्रयास गरिएको भन्दै उनले उद्योगी–व्यवसायीलाई थप केही नीतिगत अप्ठ्यारो फुकाउनुपर्ने भए स्पष्टसँग भन्न पनि आग्रह गरे ।

'यो पाँच वर्षको स्पष्ट आर्थिक मार्गचित्रको पहिलो वर्ष हो । अहिले हामीले सुधारको सुरुआत मात्रै गरेका छौँ । आउने वर्ष अझै ठूला कामहरू गर्न बाँकी छ,' उनले भने, 'निजी क्षेत्र हातेमालो गरेर अघि बढोस्, सरकार सधैँ साथमा छ ।'

मंगलबार पाँच घण्टासम्म चलेको छलफलमा उनले उद्योगी–व्यवसायीका समस्याहरू सुनेका थिए । उक्त अवसरमा उठेका अन्तःशुल्क र भन्सार महसुल, निर्यात अनुदान र बैंकिङ क्षेत्रसँग जोडिएर आएका गुनासोलाई संयन्त्र नै बनाएर समाधान गर्नेमा ढुक्क हुन उनले निजी क्षेत्रलाई आग्रह गरे । बजेटमा उल्लिखित नीति कार्यान्वयनले गति लिइसकेको भन्दै उनले सरकारले आयात प्रतिस्थापन, निजी क्षेत्रको लगानी सुरक्षा र मुनाफा आर्जन गर्न सक्ने निजी क्षेत्रसँग सहकार्य चाहेको स्पष्ट पारे । लगानी र उत्पादनशील अर्थतन्त्रको विकासका लागि सरकार–निजी क्षेत्र हातेमालो गरेर अघि बढ्नुपर्ने उनको भनाइ छ ।

अर्थसचिव डा. घनश्याम उपाध्यायले निजी क्षेत्रले उठाएका जायज विषयवस्तु महसुस हुने गरी समाधान गर्ने बताए । बजेटको कार्यान्वयन सुरु भएको र जहाँ समस्या देखिन्छ, त्यहाँ समाधान गर्दै अघि बढ्ने उनको भनाइ छ । उनले निर्धक्क भएर आफ्नो कुरा राख्न पनि निजी क्षेत्रलाई आग्रह गरे ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति सचिव नारायण दवाडीले उद्योगी–व्यवसायीका भुइँका समस्या सुन्न पाएको र यसलाई चरणबद्ध रूपमा एकीकृत समन्वय गरेर समाधान गरिने प्रतिबद्धता जनाए ।

लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगमैत्री प्रशासन बनाउने, लागत घटाएर उत्पादन बढाउने, श्रम समस्या समाधान गर्ने, औद्योगिक क्षेत्र र सेज जस्ता उपयोगी संरचनालाई प्रतिस्पर्धी बनाउँदै सरकार अघि बढ्ने उनको भनाइ थियो । निजी क्षेत्रको गुनासो सुनेपछि नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर किरण पण्डितले अर्थतन्त्र चलायमान गराउन जायज समस्या समाधानका लागि राष्ट्र बैंक सदैव तयार रहेको स्पष्ट पारे ।

छलफलमा मुख्य गरेर चालु पुँजी कर्जाको विषय, पिजीको अनिश्चित दायित्व पुनरावलोकन र नेपाली उद्योगीले विदेशमा विज्ञापनमा खर्च गर्न पाउनुपर्ने जस्ता विषयमा सबल र दुर्वल पक्षहरू हेर्दै राष्ट्र बैंकले सहजीकरण गर्ने उनको भनाइ छ ।

कार्यक्रममा उद्योगी–व्यवसायीले अर्थ मन्त्रालयले उद्योगीका समस्या एक–एक गरेर बोलाएर सोधेको यो पहिलो अभ्यास भएको बताएका थिए । अर्थ र उद्योग मन्त्रालयमा गुनासोको चाङ बोकेर धाउने उद्योगी–व्यवसायीहरूलाई आफ्ना समस्या सुनाउन मन्त्रालय आउनुस् भनेर बोलाएको यो पहिलो घटना भएको उद्योगी–व्यवसायीहरूको भनाइ थियो ।

उद्योगी भरतराज आचार्य र सौरभ ज्योतिले पहिलो पटक सरकारले समस्या सुन्न बोलाएको बैठकमा आउन पाएको भन्दै अर्थ मन्त्रालयलाई धन्यवाद दिए । अर्का उद्योगी चन्द्रप्रसाद ढकालले स्वदेशी उत्पादन खपत गर्ने नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए । पर्यटन उद्योगलाई विद्युत् खपतमा सुविधा प्रदान नगरिएकामा उनको गुनासो थियो ।

अर्थमन्त्रीसँगको छलफलमा उद्योगीहरू नवीन घतानी, सुयश प्याकुरेल, उज्ज्वल श्रेष्ठ, अनुज पोदार, रवि राठी, प्रकाश रुँगटा, सुमित्रा केसी, गोकुल भण्डारी, राजेश अग्रवाललगायतको सहभागिता थियो ।



'तपाईंहरू ढुक्क भएर लगानी विस्तार गर्नुहोस्, रोजगारी सिर्जना गर्नुहोस्, राज्यले के–के गर्नुपर्ने हो हामीलाई निर्धक्क भएर भन्नुहोस् ।'
■ डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

# बर्डफ्लु नियन्त्रणमा भएसँगै अण्डा र मासुको खपत र मूल्य बढ्यो

■ प्रभाव संवाददाता

**चितवन–** पन्छीमा देखिएको बर्डफ्लु रोग नियन्त्रणमा आएसँगै पोल्ट्रीजन्य उत्पादनको मूल्य बढ्न थालेको छ । अण्डा, मासु र चल्लाको मूल्य पूर्ववत् अवस्थामा फर्किन सुरु गरेको हो ।

नेपाल लेयर्स कुखुरापालक संघले बुधबारबाट अण्डाको समर्थन मूल्य बढाएको छ । फार्महरूको दररेटलाई आधार मानेर मूल्य बढाइएको हो । संघका अध्यक्ष विनोद पोखरेलका अनुसार यसअघिको मूल्यमा प्रतिक्रेट रु ३० वृद्धि गरिएको छ । ठूलो अण्डा प्रतिक्रेट रु ५०० बाट ५३०, मिडियम रु ४७० बाट ५०० र सानो अण्डा प्रतिपेटी (सात क्रेट)को रु दुई हजार ९०० बाट तीन हजार पुर्याइएको छ । एक्सेल अण्डा रु ५१५ बाट ५४५ पुगेको छ ।

अध्यक्ष पोखरेलले बर्डफ्लु नियन्त्रणमा आएसँगै खपत बढेको, उत्पादनमा कमी आएको लगायतका कारण अण्डाको समर्थन मूल्य बढाइएको बताए । बर्डफ्लुका कारण ठूलो अण्डा प्रतिक्रेट रु ४५० मा झरेको थियो । प्रतिक्रेट रु ५६५ बाट रोगको सङ्क्रमण देखिएसँगै मूल्य घटेको थियो । अण्डाको लागत मूल्य प्रतिगोटा रु १९.१२ पर्न आउँछ । यसरी हिसाब गर्दा किसानले प्रतिक्रेट रु ५७३.६० पाउँदामात्रै लागत मूल्य पाउँछन् । बर्डफ्लुका कारण किसानले ठूलो नोक्सानी व्यहोरेको उनी बताउँछन् ।

उनका अनुसार झण्डै १० लाख लेयर्स कुखुरा बर्डफ्लु र एचनाईनका कारण मरेका छन् । चैत महिनादेखि असारसम्म दैनिक उत्पादन ४३ लाखबाट घटेर २८ लाखमा झरेको छ । यसलाई हेर्दा दैनिक १५ लाख हाराहारी अण्डा उत्पादन घटेकाले ठूलो नोक्सान भएको उनी बताउँछन् ।

यस्तै मासु र चल्लाको मूल्य पनि बढ्न थालेको छ । चल्लाको मूल्य प्रतिगोटा रु ७० पुगेको छ । रोगका कारण तीन ह्याच नष्ट गरेका उद्योगीले गोटाको रु १५ मा बिक्री गरेका थिए । ह्याचरीले सातामा दुई ह्याच चल्ला उत्पादन गर्दछन् । ह्याचरी उद्योग संघ नेपालका केन्द्रीय अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार ब्रोइलर चल्लाको लागत मूल्य प्रतिगोटा रु ६५ हो । यस्तै लेयर्स चल्लाको लागत मूल्य प्रतिगोटा रु १२५ हो भने अहिले बजारमा रु १५० मा बिक्री हुन थालेको छ ।

## कर्पोरेट

### सिटिजन्स बैंकका विभिन्न कार्यक्रम



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंकले सातै प्रदेशमा रहेका शाखामार्फत विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । बैंकले दिगो विकास, समावेशी वृद्धि तथा समुदायसँगको दीर्घकालीन सहकार्यको माध्यमका रूपमा अघि बढाउँदै आएको छ । यस बैंकबाट गत आर्थिक वर्षमा लाखौं सर्वसाधारणलाई संस्थागत सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रम मार्फत लाभान्वित पुऱ्याएको छ ।

वित्तीय समावेशीकरण र वित्तीय सचेतनालाई प्रवर्द्धन गर्ने उद्देश्यले बैंकले सातै प्रदेशमा रहेका आफ्ना १४८ शाखामार्फत विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको थियो।उक्त अभियानमार्फत करिब १० हजार विद्यार्थी, महिला, किसान, मजदुर, वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्तिहरू तथा अन्य लक्षित वर्गलाई बचत, जिम्मेवार वित्तीय व्यवहार, डिजिटल बैंकिङ, साइबर सुरक्षा तथा समग्र वित्तीय व्यवस्थापनसम्बन्धी ज्ञान प्रदान गरिएको थियो ।

बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई बैंकिङ सेवाको अभिन्न अंग मानी शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, वित्तीय साक्षरता,विपद् व्यवस्थापन तथा समुदायको समग्र उत्थानका क्षेत्रमा निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

हालसम्म बैंकले सञ्चालन गरेका १०० भन्दा बढी सामाजिक उत्तरदायित्व (सिएसआर) कार्यक्रम मार्फत सातै प्रदेशका लाखौं नागरिक प्रत्यक्ष एवं परोक्ष रूपमा लाभान्वित भएका छन्।यस्ता कार्यक्रमले बैंक र समुदायबीचको सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै समावेशी तथा दिगो विकासप्रतिको बैंकको प्रतिबद्धतालाई समेत उजागर गरेका छन् । स्वास्थ्य क्षेत्रमा बैंकले बारा जिल्लाको विश्रामपुर गाउँपालिकामा निःशुल्क आँखा परीक्षण तथा मोतिबिन्दु शल्यक्रिया शिविर सञ्चालन गरी करिब ८०० जनालाई निःशुल्क आँखा परीक्षण सेवा प्रदान गर्नुका साथै परीक्षणका क्रममा मोतिबिन्दु पहिचान भएका करिब १५० जना बिरामीको निःशुल्क शल्यक्रियाको व्यवस्था समेत गरिएको छ । त्यसैगरी, म्याग्दीस्थित भगवती स्वास्थ्य चौकीलाई अस्पताल बेड, बेबी वार्मर, औषधि ट्रली तथा स्वच्छ खानेपानी आपूर्तिका लागि आवश्यक एचडीपीई पाइप हस्तान्तरण गरिएको छ । उक्त स्वास्थ्य चौकीबाट वडा नं. १ र २ का ४,३०० भन्दा बढी स्थानीय बासिन्दाले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्दै आएका छन् ।

### कुमारी बैंक र निम्बुजबीच सम्झौता




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेड र नेपालस्थित प्रविधि कम्पनी कुराकानी अनलाइन प्रा.लि।बीच ग्राहकहरूलाई थप नवीन तथा डिजिटल सेवाहरू उपलब्ध गराउने उद्देश्यले सहकार्य सम्झौता सम्पन्न भएको छ । उक्त सहकार्यसँगै निम्बुजका अन्तर्राष्ट्रिय डेटा तथा अन्तर्राष्ट्रिय ड्राइभिङ परमिटसम्बन्धी सेवाहरू कुमारी बैंकको मोबाइल बैंकिङ्ग एपमा एकीकृत गरिएको छ ।

यस सहकार्यपछि कुमारी बैंकका ग्राहकहरूले अब मोबाइल बैंकिङ्ग एपमार्फत नै सहज रूपमा अन्तर्राष्ट्रिय डेटा इसिम प्याकेज खरिद गर्न तथा अन्तर्राष्ट्रिय ड्राइभिङ परमिटका लागि आवेदन दिन सक्नेछन् । विदेश यात्रा गर्ने नेपाली, उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थी, वैदेशिक रोजगारीमा रहेका नेपाली तथा व्यवसायिक प्रयोजनका लागि नियमित रूपमा विदेश आवतजावत गर्ने ग्राहकहरूका लागि यी सेवाहरू विशेष रूपमा उपयोगी हुने अपेक्षा गरिएको छ ।

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागूऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागूऔषध कारोबार र दुर्व्यसनविरूद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागूऔषध प्रयोग नगरौं/नगराऔं ।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ